# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधार हो । शिक्षालाई व्यक्ति समाज र देश विकासको मेरुदण्डको रुपमा स्वीकारिएको छ । यस तथ्यलाई हृदयङ्गम गरी हाम्रो देशमा पनि प्राचीन कालदेखि नै शिक्षा लिने दिने प्रचलन रहँदै आएको हो । हाम्रो देशको शिक्षाको इतिहासलाई नियाल्दा वौद्ध र वैदिक धर्मबाट अनुप्राणित शिक्षा परम्परासम्म पुग्न सकिन्छ । राजकुल, पितृकुल, देवकुल, ऋषिकुल र गुरुकुल शिक्षा पद्धतिको माध्यमबाट चल्दै आएको शिक्षा परम्परामा गुरुकुल परम्परा अझसम्म प्रचलनमा रहेको पाइन्छ ।

शिक्षा विकासको प्रारम्भिक चरणमा संस्कृत, कला तथा वौद्ध र हिन्दू दर्शनद्वारा अनुप्राणित शिक्षा पद्धति अन्तरगत परम्परागत कला र संस्कृतिको जगेर्ना र स्थानान्तरण गर्ने तथा ब्राह्मण, भाइभारदार तथा उच्च घरानाका लागि जिविका सञ्चालन गर्न पेसागत संस्कृत शिक्षा दिने गरिएको र यसैको आधारमा औपचारिक शिक्षाको संरचना विकास भएको पाइन्छ ।

दोस्रो चरण शाहकालमा शिक्षा विकासभन्दा राज्य एकीकरणमा ध्यान गएको पाइन्छ । अनौपचारिक रुपमा शिक्षाको विस्तार र विकास गरी शिक्षालाई संरचना तह भित्रै संचालन गरिएको थियो भनी किटान गर्न नसक्ने अवस्थामा रहेको पाइन्छ ।

शिक्षा विकासको तेस्रो चरण राणा शासकहरु शिक्षा विकासको विपक्षमा रहँदा रहँदै पनि आफ्ना छोरा तथा भाइभारदारहरुको शिक्षाका लागि वि.सं. १९१० मा दरवार स्कूलको स्थापना गरे । स्थापनाकालमा ल्याइएका शिक्षकहरु अनुसार १९४३ सालमा दरवार हाई स्कूलमा कक्षा ८ सम्म पढाइ हुने गरेको पाइन्छ भने वि.सं. १९९० मा नेपालमै एस.एल.सी. बोर्डको गठन भएको र १९९६ मा शिक्षाको इस्तिहार जारी भई तात्कालीन समयमा प्रदान गरिने शिक्षालाई प्राथमिक खण्ड पहिला तीन कक्षा, मध्यम खण्ड चार कक्षादेखि सातौं कक्षासम्म र उच्च खण्ड अष्टम, नवम र दशम कक्षा गरी तहगत वर्गीकरण व्यवस्था गरिएको तथा १९९३ मा प्राथमिक पाठ्यक्रमको व्यवस्था समेत भएको पाइन्छ । (शर्मा, २०५६)

चौथो चरण (विकास काल) मा प्रजातन्त्रको स्थापनापछि स्थानीय स्तरमा बढेको शैक्षिक चासो र शिक्षाप्रति सरकारी उदारताका कारण विद्यालय खुल्ने क्रममा तीव्रता

आउँदै गयो । वि.सं. २००७ देखि २०२७ सम्म विद्यालय शिक्षामा प्राथमिक र माध्यमिक तह गरी दुई मात्र तहमा विभाजन गर्ने गरेको देखिन्छ भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि प्रत्येक तहका निश्चित उद्देश्य निर्धारण गरी पाठ्यक्रमका आधारमा शिक्षा प्रदान गर्ने परिपाटीको थालनी राष्ट्रिय शिक्षा पद्दतीको योजना २०२८ देखि गरिएकोमा हालसम्म पनि सोही वमोजिम तहगत रुपमा निश्चित उद्देश्य प्राप्तिका लागि शिक्षा प्रदान गर्ने परम्परा कायम रहँदै आएको छ ।

नेपालमा शिक्षा विकासका विभिन्न चरणहरुमा गरिएका विद्यालय शिक्षाका तहगत वर्गीकरणहरु शिक्षा सम्बन्धी तत्कालीन सिद्धान्त, मान्यता र नयाँ प्रयोग अनुसार हुँदै आएका छन् । व्यक्तिको वृद्धि र विकासको अवस्था, उमेर, चाहना, मनोविज्ञान आदिका आधारमा उपयुक्त हुने गरी शिक्षा प्रदान गर्न तहको व्यवस्था गरिएको हुन्छ । उक्त तह पूरा गर्दा सो तहमा अध्ययन गर्ने उमेर समूहका विद्यार्थीहरुले के कस्ता उपलब्धि हासिल गर्नुपर्छ भन्ने कुरा पूर्व निर्धारित हुन्छन् । तल्लो तहमा हासिल उपलब्धिका आधारमा माथिल्लो तहको उपलब्धि हासिल गर्न सघाउ पुग्ने गरी क्रमिक रुपमा उद्देश्यहरु निर्धारण गरिन्छन् । यसरी तह विभाजन केवल विभाजनका लागि नभएर वैज्ञानिक आधारमा गरिएको हुन्छ ।

नेपालमा शिक्षाको विकासक्रम विभिन्न समयमा परिवर्तन हुँदै आएको छ । त्यसै गरी मूल्याङ्कन प्रणालीमा पनि परिवर्तन हुँदै आएको छ । प्राचीन कालमा नेपालमा शिक्षा गुरूकुल प्रणालीमा आधारित थियो । गुरुकुल शिक्षा प्रणालीमा गुरूको चाहना अनुरूप विषयहरू हुन्थे भने मूल्याङ्कन पनि गुरुको इच्छा अनुसार हुने गर्दथ्यो । गुरुहरूले नै मूल्याङ्कनकर्ताको रूपमा कार्य गर्दथे । मूल्याङ्कन गर्ने कुनै ठोस आधार नभए तापनि गुरुको इच्छा तथा चाहना अनुसार सिकारुलाई थप नयाँ ज्ञान प्रदान गर्ने गरिन्थ्यो । प्राचीनकालमा श्रवण, व्याख्या, प्रदर्शन, छलफल आदिको माध्यमबाट शिक्षा दिइन्थ्यो भने सिकारूको चारित्रिक गतिविधि अवलोकन, सामूहिक परीक्षातर्फ धर्म र दर्शनको बारेमा छलफल र वहस तथा शास्त्रार्थ विधिद्वारा परीक्षा लिइन्थ्यो ।

राष्ट्रिया शिक्षा पद्दतीको योजना २०२८ अनुसार प्राथमिक शिक्षा (कक्षा १-३) को उद्देश्य साक्षर बनाउनु र निम्न माध्यमिक तह (कक्षा ४-७) को उद्देश्य चरित्र निर्माण र पूर्व व्यवसायिक शिक्षाको प्रारम्भ गर्नु रहेको थियो भने माध्यमिक तह (कक्षा ८-१०) को व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु रहेको

थियो । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम २०४९ अनुसार निम्न माध्यमिक तहको उद्देश्य श्रमप्रति सकारात्मक भावना, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका चरित्रवान नागरिक तयार पार्नु रहेको छ भने माध्यमिक तहको उद्देश्य भाषिक व्यवहारमा सक्षम, सृजनशील, सहयोगी र राष्ट्रिय परम्परा र संस्कृतिसँग परिचित, वैज्ञानिक सुझबुझ भएका स्वावलम्वी र प्रजातान्त्रिक जीवन मूल्यसँग सचेत नागरिक तयार पार्नु रहेको छ । नयाँ शिक्षा योजनाले प्राथमिक तहको अन्त्यमा जिल्ला स्तरीय र निम्न माध्यमिक तहको अन्त्यमा अञ्चल स्तरीय परीक्षा लिई तहगत स्तर मापन गर्ने व्यवस्था गरेको थियो । कक्षा ८ लाई निम्न माध्यमिक तहमा समेटिएपछि कक्षा ८ को अन्त्यमा जिल्ला स्तरीय परीक्षा लिने प्रावधान हाल विद्यमान रहेको छ ।

विभिन्न समयमा विभिन्न शिक्षा सम्बन्धी आयोगद्वारा सिफारिश गरिएका तहगत उद्देश्यहरु र  लागू गरिएका पाठ्यक्रमगत, तहगत उद्देश्यहरुको अध्ययन गर्दा विद्यालय शिक्षा प्रदान गर्न लाग्ने समग्र विद्यालय अवधिलाई विभिन्न तहमा वर्गीकरण गर्दा वैज्ञानिक र सहज सिकाइ हुने तथ्यका आधारमा विभिन्न तहमा वर्गीकरण गरी पठनपाठन गराउने प्रावधान राख्ने गरिएको तथ्य छर्लङ्गिन आउँछ भने सोही तथ्यका आधारमा वर्तमान पाठ्यक्रम पनि कार्यान्वित छ ।

वर्तमान माध्यमिक पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु आधा मात्रामा पनि पूरा हुन सकेका छैनन् अर्थात् एस.एल.सी. उत्तीर्ण प्रतिशत ५० भन्दा न्यून रहेको छ । यस्तो अवस्थालाई राष्ट्रले राखेका शैक्षिक उद्देश्यहरु आधा पनि पूरा हुन नसकेको र अपेक्षित जनशक्ति तयार हुन नसकी शैक्षिक लगानी खेर गइरहेको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थाको सृजना हुनुमा विद्यालय शिक्षाका आधारभूत तहहरु (प्राथमिक र निम्न माध्यमिक) प्रमुख जिम्मेवार रहन्छन् । माध्यमिक शिक्षाका आधारभूत तहमा निर्धारित उपलब्धिहरु जति बढी मात्रामा हासिल हुन सक्छन् त्यति नै बढी मात्रामा माध्यमिक तहका लागि निर्धारित उपलब्धि हासिल हुन जान्छ अर्थात् एस.एल.सी. उत्तीर्ण दर बढी हुन्छ । निम्न माध्यमिक तहसम्म सबै बालबालिकालाई एकै प्रकारको शिक्षा (आधारभूत, जीवनोपयोगी) दिने र माध्यमिक तहमा विविधीकरण गरिने शैक्षिक नीति (राष्ट्रिय शिक्षा पद्दतीको योजना, २०२८) रहे अनुसार वर्तमानमा निम्न माध्यमिक तहको शैक्षिक उपलब्धिस्तर कस्तो छ र सोमा प्रभाव पार्ने कारक तत्त्वहरु के के हुन् ? शैक्षिक स्तर

राम्रो हुनमा र नराम्रो हुनमा कुन कुन पक्ष प्रमुख छन् ? भन्ने पत्ता पाउन अध्ययन अनुसन्धान हुन आवश्यक देखिएकोले यस अध्ययनमा नमूनाका रुपमा सुनसरी जिल्लाको निम्न माध्यमिक. विद्यालयहरुको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण र नतिजामा प्रभाव पार्ने पक्षको खोज गरिएको छ ।

## १.२ समस्याको कथन

सुनसरी जिल्ला भौगोलिक रुपबाट सुगम छ । विद्यालयको सेवा क्षेत्रभित्र सबै बालबालिका समेटिएका छन् । तहगतरुपमा विद्यार्थीहरु जति भर्ना भएका हुन्छन् ती सबैले निम्न माध्यमिक तह पुरा गर्दा प्राप्त गर्नुपर्ने तोकिएका उपलब्धि प्राप्त गर्न नसकी अनुत्तीर्ण भएका छन् । विद्यालयमा पठनपाठन क्रियाकलाप भई रहेको हुन्छ तर पनि विद्यार्थीहरु अनुत्तीर्ण हुन्छन, यो एक समस्याको रुपमा रहेको छ ।

निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजाले निम्न माध्यमिक तहका शैक्षिक उद्देश्यहरुको प्राप्तीको स्तर देखाउने भएकोले यसको न्यूनताको अर्थ शैक्षिक उद्देश्य प्राप्तीमा कमि रहेको देखिन आउँछ । प्रस्तुत अध्ययनमा निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजा सम्बन्धमा गहन अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

निम्न माध्यमिक तहमा बढी विद्यार्थीहरु असफल हुने विषयहरु कुन कुन हुन । शिक्षक सङ्ख्या र विद्यार्थीले प्राप्त गर्ने नतिजा वीचमा कस्तो सम्बन्ध रहेको छ । तालिम प्राप्त र उप्राप्त शिक्षकहरुको अध्ययन र नतिजाको फरक कस्तो रहन्छ । कक्षा ८को जिल्ला स्तरीय परीक्षाको उपलब्धिले शैक्षिक स्तरमा कस्तो प्रभाव पारेको छ सो कुराहरुलाई समस्याको रुपमा केन्द्र विन्दू मानी अनुसन्धान अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

दक्ष र सक्षम जनशक्ति उत्पादन गर्न आधारभूत तह देखि नै गुणस्तरिय शिक्षा प्रदान गर्नु पर्दछ । तल्लो तहमा प्राप्त गर्नु पर्ने शैक्षिक उपलब्धि प्राप्त नगरेमा माथिल्लो तहमा तय गरिएका उपलब्धिहरु विद्यार्थीले प्राप्त गनै सक्दैनन् । यसको अर्थ हो तय गरिएको उद्देश्य पुरा गर्न नसक्ने जनशक्ति उत्पादन गर्नु । तसर्थ शिक्षाको आधारभूत तहको रुपमा रहेको निम्न माध्यमिक तहमा हुने गरेको अध्ययन अध्यापन कार्यक्रमलाई असर पुऱ्याउने तत्वहरुको खोजी गर्नु पर्दछ । यसरी खोजको लागि गरिएको कार्यक्रमले

वर्तमान अवस्था पत्ता लागउन र आगामी दिनको परिणाम सुधारका आवश्यक मार्गदर्शन प्रदान गर्दछ । यस अध्ययन पनि यसै विषयवस्तुमा केन्द्रित रहेको छ ।

निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक रुपमा अध्ययन गरी विद्यार्थीले प्राप्त गरेका परिणामलाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्दै प्राप्त नतिजा न्यून हुनका कारण पत्ता लगाइ आगामी परिणाम सुधारका लागि सरोकारवाला पक्षलाई आवश्यक सुझाव दिनु नै यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य सुनसरी जिल्लाका निम्न माध्यमिक विद्यालयहरुको (माध्यमिक तह सञ्चालन भएका निम्न माध्यमिक विद्यालय समेत) निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) मा प्रभाव पार्ने पक्षहरु (तत्त्वहरु) पहिल्याउनु र ती तत्त्वले कसरी परिणाम उच्च तथा न्यून पारेका छन् पत्ता लगाउनु रहेको छ । बुँदागत रुपमा यस अध्ययनको उद्देश्य निम्न छन् :

क. विगत तीन वर्षको ( २०६४, २०६५, २०६६) निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा परिणाम पत्ता लगाउनु ,

ख. परीक्षा परिणाम न्यून तथा उच्च हुनेका कारणहरु खोज्नु ,

ग. विषयगत शिक्षक र प्राप्त परिणाम वीचको सम्बन्ध खोज्नु ,

घ. नतिजा उच्च बनाउनका लागि आवश्यक सुझाव दिनु ,

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

क. सुनसरी जिल्लाको विगत तीन वर्षको निम्न माध्यमिक तहमा विद्यार्थीको शैक्षिक उपलब्धिको अवस्था कस्तो थियो ?

ख. सुनसरी जिल्लाका विद्यालयहरुमा शिक्षक अनुपातले विद्यार्थीको सिकाइ उपलब्धिमा कति योगदान गऱ्यो ?

ग. शिक्षक तालिम र विद्यार्थीको सिकाइ उपलब्धि वीचको सम्बन्ध कस्तो छ ?

घ. सुनसरी जिल्लाका निम्न माध्यमिक तहमा विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर न्यून अवस्था हुनका लागि जिम्मेवार पक्षहरु के के हुन ?

ङ.	निम्न माध्यमिक तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न कस्ता कस्ता उपाय उपयुक्त हुन्छन् ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनलाई सुनसरी जिल्ला भित्र निम्न माध्यमिक तह सञ्चालन भई रहेका ३५० वटा विद्यालयहरु मध्ये १४ वटा विद्यालयमा मात्र सिमित गरिएको छ । समिति साधन स्रोत र समयको अभावको कारणबाट १४ वटा विद्यालयलाई प्रतिनिधि विद्यालयको रुपमा केन्द्रीत गरी अध्ययन अगाडि बढाइएको छ । नमुना छनौटमा परेका विद्यालयहरुको सर्वाङ्गीण अध्ययन अनुसन्धान गर्न एउटै शोधकार्यमा सम्भव नहुने भएकाले स्रोत, साधन र समयको कारण विगत तीन वर्षको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको अध्ययनमा मात्र प्रस्तुत शोधलाई सीमित गरिएको छ ।

## १.७ अध्ययनमा प्रयुक्त शब्दहरुको परिभाषा

यस शोधपत्रमा उल्लेखित शब्दहरुको अर्थ अन्यत्र जुन रुपमा प्रयोग भए तापनि यस अध्ययनको हकमा निम्नानुसार हुने छ :-

अध्यक्ष - विद्यालय सञ्चालन गर्न गठन भएको समितिको अध्यक्ष

वि.नि. - विद्यालय निरीक्षण गर्न तोकिएको आधिकारिक व्यक्ति

वि.व्य.स. - विद्यालय सञ्चालन गर्न गठन भएको समिति

जि.शि.अ. - जिल्ला स्थित जिल्ला शिक्षा कार्यालयको प्रमुख

जि.शि.स. - जिल्ला स्तरीय शैक्षिक योजना निमार्ण गर्ने समिति

ऐन - शिक्षा ऐन-२०२८ (संशोधन सहित)

नियमावली - शिक्षा नियमावली - २०५९ (शिक्षक सेवा आयोग नियमावली - २०५७ संशोधन सहित)

प्रधानाध्यापक - विद्यालय सञ्चालन गर्न शिक्षकहरु मध्येबाट तोकिएको व्यक्ति

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धानकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत गरिएका अध्ययन अनुसन्धानका निष्कर्षहरु तथा संगठित रुपमा प्रकाशित गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचना तथा कृतिहरु अध्ययन गर्ने र त्यसको सारांशलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमानसम्म पनि अज्ञात रहेका तथा परीक्षण नगरिएका प्रमाण वा ज्ञानहरुबारे जानकारी प्राप्त गर्न सक्छ । उक्त क्षेत्रमा खोज अनुसन्धान गर्नु नै अनुसन्धानको प्रमुख उद्देश्य रहने हुँदा आफ्नो अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरी तिनले निकालेका निष्कर्ष, सुझाव तथा रिक्तता पत्ता लगाई उक्त रिक्तता पूरा गर्नेतर्फ अध्ययनलाई केन्द्रित गर्नु र पूर्वसाहित्यको आधारमा आफ्नो अध्ययनको व्याख्या, विश्लेषण गर्ने आधार प्राप्त गर्नु अध्ययनकर्ताका लागि अति आवश्यक हुनाले अध्ययनको यस विषयमा सुनसरी जिल्लामा हालसम्म अध्ययन गरिएको नपाइए पनि विषयसँग मिल्दाजुल्दा केही अध्ययन अनुसन्धानहरुको समीक्षा गरी त्यसबाट आवश्यक पृष्ठपोषण लिई यो अध्ययन तयार पारिएको छ । समीक्षा गरिएका पूर्वसाहित्यहरुबाट प्राप्त भएको उपयोगी नतिजा र त्यसबाट यस अध्ययनलाई पुग्न गएका सहयोग निम्नानुसार उल्लेख गरिएका छन् :

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर(२०६०)ले तयार गरेको प्रतिवेदनबाट प्राप्त जानकारी निम्न अनुसार छनः- शैक्षिक सामग्रीको प्रयोग नहुनु, तयारी नगरिनु, केन्द्रबाट वित्तरित शैक्षिक सामग्री उपलब्ध भए पनि प्रयोगमा नआउनु, अन्य प्रकारका शैक्षिक सामग्रीहरुको सुलभता नहुनु, विद्यालय शैक्षिक सामग्रीको पक्षबाट कमजोर रहनु आदि कारणले पनि विद्यार्थीहरुको उपलब्धिमा असर पारेको पाइएको छ । गणित विषयमा नतिजा न्यून देखिनुमा शिक्षकको तालिम भन्दा पनि शैक्षिक सामग्रीको प्रयोग जिम्मेवार देखियो । सामग्री प्रयोग गर्ने सिप नहुनु र कक्षाकोठाको साइज कम र विद्यार्थी धरै आदि कारणहरु बढी जिम्मेवार रहे । शिक्षकले समय व्यवस्थापन गर्न नसक्नु, घरको काममा अति व्यस्त हुनु पर्ने, विद्यालयमा धरै पिरियड पढाउनु पर्ने, विद्यालयमा पनि शैक्षिक सामग्री निर्माण, शैक्षिक योजना, कक्षाकोठामा संचालन गर्नुपर्ने अन्य योजनाहरु बनाउन

नसक्नुले पनि विद्यार्थीको उपलब्धिमा प्रभाव पारेको देखियो । विषयवस्तु कठिन हुनु र विद्यार्थीमा पूर्वज्ञानको कमी हुनु पनि उपलब्धिसँग प्रत्यक्ष सम्बन्धित रहे । शिक्षक र विद्यार्थी दुवै पक्ष विद्यालयमा अनियमित हुनुले पनि उपलब्धिमा प्रभाव पारेको अवस्था पाइएको छ ।

माध्यमिक शिक्षा विकास केन्द्रले गरेको अध्ययन अनुसार कठिनाइ स्तर अनुसार २५% सजिला, ५०% मध्यम र २५% कठिन खालका प्रश्नहरु निर्माण गर्नुपर्ने, प्रश्नपत्रको परीक्षण गर्दा अधिराज्यका सम्पूर्ण भागको प्रतिनिधित्व हुनुपर्दछ, समूहगत रुपमा प्रश्नपत्र मोडरेशन गर्नुपर्ने, समयसँग मेल हुने प्रश्न संख्या र प्रश्नका किसिम हुनुपर्ने, प्रश्न निर्माणकर्ताले उत्तरकुञ्जिका बनाउनु पर्ने, प्रश्न निर्माणकर्तामा माध्यमिक तहको १० वर्ष अध्यापन गरेको अनुभव हुनुपर्ने कुराहरु उल्लेख भएको पाइन्छ । त्यसरी नै सो कार्यशालाका अन्य निष्कर्षहरुमा प्रश्न निर्माणकर्ताले सम्बन्धित विषयको प्रश्न निर्माण सम्बन्धी तालिम लिएको हुनुपर्ने, देशका विभिन्न भागबाट प्रश्न निर्माणकर्ताहरुको छनौट हुनुपर्ने, प्रश्नमा नै उत्तर लेख्ने व्यवस्था हुनुपर्ने, प्रश्न निर्माण कार्य एउटा निरन्तर रुपमा चल्ने कार्यको रुपमा रहनुपर्ने, प्रश्नहरुको संगालाको व्यवस्था हुनुपर्ने, एस.एल.सी. परीक्षामा अनिवार्य विषयमा मात्र उतीर्ण हुनुपर्ने, ऐच्छिक विषय सम्बन्धमा निर्णय लिने अधिकार विद्यालयलाई दिइनुपर्ने, परीक्षालाई विकेन्द्रीकरण गर्नुपर्ने, तथ्याङ्ककर्ता र निरीक्षकको स्पष्ट योजना तोकिदिनुपर्ने, परीक्षा संचालन अधिकार केन्द्र विद्यालयलाई दिनुपर्ने, परीक्षा संचालन सम्बन्धी स्पष्ट नियम कानुनको व्यवस्था हुनुपर्ने, क्षेत्रीय तथ्याङ्क प्रणाली लागू गर्नुपर्ने, अनिवार्य विषयहरुको संख्या निर्धारण गर्नुपर्ने, प्रमाणपत्र र लब्धाङ्कपत्र एउटै पत्रमा हुनुपर्ने निष्कर्षहरु निकालिएको थियो । त्यस्तै अन्य विषयहरुमा उत्तरपुस्तिकाहरु जिल्लामा नै संकलन गरी सोझै परीक्षक समक्ष पुऱ्याउनुपर्ने, प्रत्येक वर्षको परीक्षामा प्रश्नपत्रका कठिनाइ क्षेत्र पहिचान गर्नुपर्ने, प्रत्येक प्रश्नको उत्तर दिँदा लाग्ने समय तथ्याङ्क गर्नुपर्ने, विद्यार्थीहरुलाई प्रश्नका उत्तर दिने तरिका सम्बन्धमा प्रशिक्षित गर्नुपर्ने, राष्ट्रिय औसत अंकका आधारमा विद्यार्थीहरुको उत्तीर्णाङ्क तोकिनु पर्ने, एस.एल.सी. परीक्षाको प्रतिशत निर्धारण गर्दा नियमित तथा पूरक परीक्षाको जम्मा अंकलाई प्रतिशतको रुपमा लिनुपर्ने, परीक्षा सुधारका लागि आन्तरिक रुपमा पुनः परीक्षण व्यवस्था लागू गर्नुपर्ने कुराहरु उल्लेख गरिएको पाइन्छ ।

पौडेल, (२०५२) ले गरेको अध्ययन अनुसार निम्न माध्यमिक तहको नेपाली भाषा मूल्याङ्कन प्रणालीमा एकरूपता नभएकै कारण उच्च तहमा मूल्याङ्कनमा प्रभाव परेकाले निम्न माध्यमिक तहको परीक्षा तथा मूल्याङ्कनमा एकरूपता नभएको पाइएको छ । निम्न माध्यमिक तहमा भर्ना भएका विद्यार्थीहरूमध्ये आफ्नो अध्ययनका क्रममा पाठ्यक्रले तोकेका शैक्षिक उपलब्धिहरू तथा भाषिक सीपहरू पूर्ण रूपमा सिकाइ नभएका कारणले परीक्षामा पाठ्यक्रमले तोके अनुसार उपलब्धिहरू हासिल गर्न नसकेको अवस्था औँल्याइएको छ ।

सेरिड, (१९९९) ले गरेको अध्ययनमा उल्लेख गरिएका उद्देश्य मध्ये एउटा प्रमुख उद्देश्य कक्षा ६ र ८ को अध्ययन पूरा गरेका विद्यार्थीहरुका चारवटा अनिवार्य विषयहरु अंग्रेजी, गणित, विज्ञान र नेपालीको उपलब्धिस्तर पहिचान गर्नु रहेको थियो । उक्त अध्ययनका लागि पाँचवटै विकास क्षेत्रवाट नमुना जिल्लाहरु छनौट गरिएको थियो । यस क्रममा प्रत्येक विकास क्षेत्रवाट हिमाली, पहाडी र तराई क्षेत्रको प्रतिनिधित्व गरिएको थियो । अध्ययनका नमुना जिल्लाहरु काठमाडौं सहित १२ वटा थिए जसमध्ये पूर्वाञ्चलबाट संखुवासभा, सुनसरी र मोरङ, मध्यमाञ्चलबाट दोलखा, काभ्रे र धनुषा, पश्चिमाञ्चलबाट कास्की र रुपन्देही, मध्यपश्चिमाञ्चलबाट सुर्खेत र सुदूर पश्चिमाञ्चलवाट दार्चुला र कञ्चनपुर जिल्लाहरु छनौट गरिएका थिए ।

उपरोक्त चारवटा विषयहरुको उपलब्धिस्तर पहिचान गर्न जम्मा ८,४८१ विद्यार्थीहरुमा स्तरीकृत उपलब्धि परीक्षा संचालन गरिएको थियो जसमध्ये कक्षा ६ बाट ४,३३१ र कक्षा ८ बाट ४,१५० विद्यार्थीहरु उपलब्धि परीक्षामा सहभागी थिए । यस क्रममा कक्षा ६ को उपलब्धि परीक्षणमा विद्यार्थीहरुले नेपाली, गणित, अंग्रेजी र विज्ञान विषयमा प्राप्त गरेको औसत अंक क्रमशः ५६.३८, ४४.४४, ४३.६० र ३८.५९ थियो । त्यसै गरी उल्लेखित चारवटा विषयहरुमा छात्र र छात्रा को उपलब्धिलाई तुलना गर्दा नेपाली विषयमा बाहेक अन्य विषयमा छात्राहरुको भन्दा छात्रहरुको उपलब्धिस्तर राम्रो पाइएको थियो ।

कक्षा ८ का विद्यार्थीहरुको नेपाली, गणित, अंग्रेजी र विज्ञान विषयमा क्रमशः ६८.८०, २८.८६, ३४.२९ र २९.६२ औसत अंक प्राप्त गरेका थिए । उक्त औसत प्राप्ताङ्क मध्ये गणित विषयमा सबैभन्दा कम पाइएको थियो । उक्त प्राप्ताङ्कलाई लिङ्गीय

रुपमा तुलना गर्दा नेपाली बाहेक अन्य विषयमा छात्राहरुको भन्दा छात्रहरुको क्रमश : ५.९, ७.५ र ५.८ ले बढी पाइएको थियो ।

थापा, (२०६०)ले गरेको अध्ययनको प्रतिवेदन अनुसार विषय शिक्षकहरुलाई छोटो अवधिको परीक्षा प्रणाली सम्बन्धी गोष्ठी सञ्चालन गरी परीक्षालाई प्रभावकारी बनाउने, शिक्षण सिकाइमा देखा परेका कमी कमजोरी हटाउँदै उपलब्धि वृद्धि गर्ने, स्थानीय स्तरमा शिक्षण सामग्रीहरुको निर्माण र प्रयोग, शिक्षण सिकाइ र मूल्याङ्कनका साधनहरुको उचित ज्ञान आदि दिनका लागि हिउँदे वा वर्षे विदाको समय मिलाएर कम्तिमा ७ दिनको प्रशिक्षण दिने व्यवस्था जिल्ला शिक्षा कार्यालयले मिलाउनु आवश्यक छ । प्रत्येक विषयको विशिष्टीकरण तालिका बनाई अनुभवी शिक्षकहरुबाट ज्ञान, बोध, उच्च क्षमता र सीपजस्ता महत्वपूर्ण पक्षहरुलाई समेट्दै पाठ्यक्रमका उद्देश्यानुसार प्रश्न निर्माण गरिनु पर्दछ । परीक्षा मर्यादित ढङ्गबाट सञ्चालन गर्न गराउन आवश्यक संयन्त्रहरुलाई जिल्ला शिक्षा कार्यालयले क्रियाशील बनाउनु पर्दछ । परीक्षाको समयमा परीक्षा केन्द्रमा निरन्तर रुपमा अवलोकन अनुगमनको कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ । परीक्षाको नतिजा तयार पार्ने कार्य ज्यादै संवेदनशील भएको हुनाले अनुभवी दक्ष शिक्षकलाई मात्र परीक्षण कार्य गराउनु पर्दछ । परीक्षा नतिजाको विश्लेषण गरेर विद्यालयका प्रधानाध्यापक., शिक्षकहरुलाई सजग र सक्रिय बनाउने नीति बनाई कडाइका साथ कार्यान्वयन गर्न नितान्त आवश्यक देखिन्छ ।

अध्ययन गरिएका पूर्व साहित्यमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुनका कारणहरु उल्लेख गरिएको पाइए पनि परीक्षा व्यवस्थापन एवं सञ्चालन पक्षका समस्याहरु विशेष रुपमा उल्लेख गरिएको पाइयो । प्रस्तुत अध्ययनमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून बनाउन जिम्मेवार शिक्षण सिकाइ क्षेत्रमा रहेका समस्याहरुको विषयमा गहन अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययन कार्य गर्नका लागि सैद्धान्तिक ज्ञानलाई फराकिलो बनाउन विभिन्न विद्वान्हरूले अघि सारेका विचारहरूलाई आधार मानिएको छ । यीनै सैद्धान्तिक आधारलाई अध्ययनको प्रमुख खाकाका रूपमा लिइएको छ । तसर्थ यस सोधकार्य अगाडि

बढाउनका लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई अध्ययनको मूल आधार मानिएको छ ।

सन् १८५६ मा फ्रान्समा जन्मिएका टेलर वैज्ञानिक व्यवस्थापनका पिता हुन् । उनले परम्परागत रुपमा चल्दै आएको भुल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलावद्ध वैज्ञानिक र तर्कसंगत बनाउने काम गरे । उनका अनुसार "वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ कुन-कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढगले सम्पन्न गर्न सक्दछन् भन्ने कुरा सही ढंगले जान्ने कला हो ।" त्यसबेला कामदारको कार्य दक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको शुरुवात भयो ।

तल्लो तहबाट माथिल्लो तहसम्म पुगेका आफ्नो अनुभव, कम्पनीमा काम गरेका व्यवस्थापनका पक्षहरु, कामप्रतिको लगाव, उत्साह, कामदारको उपयोग तथा आकर्षक ज्याला जस्ता कुराहरुले गर्दा टेलरलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको थियो । टेलरले सन् १९११ मा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त भन्ने पुस्तक मार्फत वैज्ञानिक व्यवस्थापन सिद्धान्तको प्रतिपादन गरे ।

**सिद्धान्तका मूल तत्त्वहरु :**

प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ ।कामदारलाई आफैंले काम छान्ने परम्परा छुट्याएर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउने गर्नुपर्दछ । वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदारहरु बीच आत्मीय सहयोग सम्बन्ध र सामञ्यजस्यता स्थापित गर्नुपर्दछ । कामदारलाई कामप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्दछ । वैज्ञानिक ढंगबाट ज्याला निर्धारण गर्नुपर्दछ । बढी काम गर्नेलाई बढी ज्याला दिनु पर्दछ । कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन हुनुपर्दछ । कामदारलाई मात्र दोष दिने आफू उम्कने परिपाटी त्याग्नु पर्दछ ।

## २.३ शैक्षिक उपादेयता

आज राष्ट्रिय रुपमा नै निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुँदै गइरहेको तथा त्यसलाई सुधार गर्नुपनर्पे आवश्यकताको बारेमा आवाज उठ्न लागेको परिप्रेक्ष्यमा सम्बद्ध विषयमा लेखिएका विभिन्न लेख रचना एवं पुस्तकहरुको अध्ययनले

प्रस्तुत अध्ययनलाई तात्त्विक निष्कर्षमा पुऱ्याउन तथा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने पक्षहरु निर्धारण गर्न साथै उपलब्धि उच्च पार्न अपनाउनु पर्ने उपायहरु सिफारिश गर्न थप मद्दत पुऱ्याएको छ । यसका साथै अध्ययन गरिएका सैद्धान्तिक सामग्रीले प्रस्तुत अध्ययनको सैद्धान्तिक आधारशिलाको रुपमा कार्य गरेका छन् ।

प्रस्तुत शोधपत्रमा टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको मूल मर्मलाई आधारको रुपमा लिई निम्नानुसारका सैद्धान्तिक तथ्यलाई आधारको रुपमा उपयोग गरिएको छ ।आवश्यकता अनुसार मूल्याङ्कन प्रणलीमा सुधार गर्दै वैज्ञानिक विधि अपनाउनु पर्दछ । मूल्याङ्कन प्रणालीमा सुधार ल्याई नतिजा सबल बनाउन शिक्षकलाई सही मूल्याङ्कन प्रणाली प्रयोग गर्न तथा त्यसलाई व्यवस्थित पार्नका लागि तालिमको आवश्यकता पर्दछ । कामदारलाई झैं विद्यार्थीहरुलाई पनि उनिहरुले प्राप्त गर्ने शैक्षिक उपलब्धिहरु तथा उपलब्धि मापन गर्ने मूल्याङ्कन प्रणालीमा पनि समयानुसार वैज्ञानिक हिसावले परिवर्तन गर्नुपर्दछ ।

विद्यार्थी मूल्याङ्कनमा पूरानै तरिकाबाट सधैं लिखित परीक्षा मात्र सञ्चालन गरेमा सही मूल्याङ्कन हुन सक्दैन । त्यसकारण मूल्याङ्कन प्रणालीमा पनि सुधार गर्दै त्यसबाट प्राप्त नतिजाहरुलाई व्यवस्थित रुपमा व्यवस्थापन गनुपर्दछ । वैज्ञानिकताको आधारमा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रणालीलाई अघि बढाई नतिजा वृद्धि गर्नुपर्ने कुरा अध्ययन गर्नका लागि यो सिद्धान्तलाई आधार बनाइएको छ ।

पूर्वसाहित्यहरुको समीक्षाबाट प्राथमिक विद्यालय तहमा देखिएका सिकाइ उपलब्धिमा प्रभाव पार्ने पक्षहरुको तादात्म्यता निम्न माध्यमिक तहमा छ छैन, के कति कुराहरुले निम्न माध्यमिक तहमा समेत प्रभाव पारेका छन, वा साझा पक्षहरु के के छन् र यस्ता पक्ष पहिल्याउन के कस्ता विधि/तरिकाहरु अपनाउन सकिन्छ भन्ने तहमा सघाउ पुऱ्याउनुका साथै निष्कर्षलाई विरोधाभाषपूर्ण हुनबाट अध्ययनकर्तालाई सतर्क गराएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन सर्भे/वर्णनात्मक अनुसन्धान पद्धतिमा आधारित छ । गुणात्मक प्रकारको अध्ययन भएको हुँदा यसमा परिणात्मक अध्ययनमा जस्तो परिकल्पना, परीक्षण, सांख्यिक मूल्य तथा पूर्वनिर्धारित प्रक्रियाको प्रयोग भएको छैन । यस अध्ययनमा सुनसरी जिल्लाका निम्न माध्यमिक विद्यालयहरु मध्ये १४ वटा विद्यालयहरुका प्रधानाध्यापक, शिक्षक र वि.व्य.स. अध्यक्षहरुबाट प्रश्नावली भराई व्याख्यात्मक सूचना प्राप्त गरी सोही आधारमा विश्लेषण, व्याख्या तथा निष्कर्ष निकालिएको छ ।

## ३.२ नमुना जनसंख्या

कुनै पनि अध्ययनमा तथ्याङ्क संकलन तथा विश्लेषणको महत्वपूर्ण भूमिका हुन्छ । अध्ययनकर्ताले पनि यस अध्ययनको जनसंख्याको रुपमा सुनसरी जिल्लामा सञ्चालित जम्मा १३४ वटा सामुदायिक विद्यालयहरु तथा १२१ वटा संस्थागत विद्यालयहरु मध्ये वि.स. २०६७ सालसम्ममा कम्तिमा एक पटक निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल भइसकेका १४ वटा निम्न माध्यमिक विद्यालयहरुका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक गरी जम्मा ५६ जनालाई नमुना जनसंख्याको रुपमा प्रतिनिधित्व गराइएकोछ । (माध्यमिक तह सञ्चालन भएका समेत) लाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमूना छनौटका आधार

यस अध्ययनका लागि सुनसरी जिल्लाका निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल भइसकेका २५५ सामुदायिक तथा संस्थागत विद्यालयहरुको स्रोतकेन्द्रगत प्रतिनिधित्व हुने गरी गोलाप्रर्थाद्वारा नमुनाका रुपमा छनौट विधिबाट जम्मा १४ वटा विद्यालयहरु छनौट गरी तथ्याङ्क संकलन गर्न खुल्ला प्रश्नावली (विषयगत तथा वस्तुगत) छानिएका विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु १४ जना र विद्यालयका प्रधानाध्यापकहरु १४ जना तथा शिक्षकहरु २८ जनाबाट भराउन लगाई तीनै १४ वटा विद्यालयमा आधारित भई अध्ययन/अनुसन्धान गरिएको छ ।

## ३.४ अध्ययनका साधनहरु

### ३.४.१ अर्न्तवार्ता

यस अध्ययनको लागि नमूना छनोटमा परेको विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सम्बन्धित विद्यालयका शिक्षकहरुसँग विषयबस्तुमा केन्द्रित रही अर्न्तवार्ता संचालन गरियो ।

### ३.४.२ छलफल

यस अध्ययनको लागि जिल्ला शिक्षा कार्यालय, सुनसरीका पदाधिकारीहरु, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सम्बन्धित विद्यालयका शिक्षकहरुसँग विषयबस्तुमा केन्द्रित भई छलफल समेत संचालन गरियो ।

### ३.४.३ प्रश्नावली

यस अध्ययनको लागि सर्भे रिसर्चको प्रयोग गरिएको र त्यसको सामग्रीको रुपमा विषयगत तथा वस्तुगत खुल्ला प्रश्नावली (लिखित) बनाई तथ्याङ्क संकलन गरियो । अध्ययनसँग सम्बन्धित विषयमा जानकारी हासिल गर्न सामुदायिक विद्यालयका २० र संस्थागत विद्यालयका ८ गरी जम्मा २८ शिक्षक, सामुदायिक विद्यालयका १० र संस्थागत विद्यालयका ४ गरी जम्मा १४ विद्यालयका प्रधानाध्यापक र यसै गरी सामुदायिकका १० र संस्थागतका ४ गरी १४ विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुलाई खुल्ला प्रश्नावली भराई उनीहरुको मत संकलन गरियो । तथ्याङ्क संकलनको क्रममा प्रयोग गरिएको प्रश्नावलीहरु अनुसूचीमा राखिएको छ ।

## ३.५ तथ्याङ्कको स्रोत

### ३.५.१ प्राथमिक स्रोत

यस अनुसन्धान कार्य गर्नका लागि तथ्याङ्कका प्राथमिक स्रोतको रुपमा खुल्ला प्रश्नावली तयार गरी नमूना छनोटमा परेको विद्यालयहरुको व्यवस्थापन समितिको अध्यक्ष, प्राधानाध्यापक र शिक्षकहरुलाई भर्न लगाइ आवश्यक सूचना प्राप्त गरिएको छ ।

### ३.५.१ द्वितीय स्रोत

द्वितीय स्रोतको रुपमा सम्बन्धि विद्यालयका अभिलेखहरु, जिल्ला शिक्षा कार्यालय, सुनसरीमा उपलब्ध भएका प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने पक्षहरुको अध्ययनको लागि शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न व्यक्ति जस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षकका लागि उनीहरुको यस सम्बन्धमा राय बुझ्न (तथ्याङ्क संकलनको लागि) खुल्ला लिखित प्रश्नावली बनाई नमुनामा परेका सामुदायिक तथा संस्थागत विद्यालय दुवैको प्रतिनिधित्व हुने गरी लिखित प्रश्नावलीको माध्यमद्वारा सम्बन्धित विद्यालयमा शोधकर्ता स्वयं पुगी प्रश्नावलीको बारेमा अभिमुखीकरण गरी उनीहरुलाई नै भर्न लगाएर आफैं संकलन गरी तथ्याङ्क संकलन गरिएको हो जसमा प्रधानाध्यापक का लागि १४ वटा, शिक्षकका लागि २८ वटा, र विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि १४ वटा खुल्ला प्रश्नावली तयार गरी अधिकांश वस्तुगत तथा थोरै विषयगत वा छोटो उत्तर आउने प्रश्न समावेश गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क अध्ययनकर्ता आफैंले खुल्ला प्रश्नावली बनाई नमुनामा परेका विद्यालयका प्रधानाध्यापक, अध्यक्ष तथा शिक्षकहरुसँग राय संकलन गरिएका प्रारम्भिक तथ्याङ्क तथा द्वितीय तथ्याङ्कको संकलनको रुपमा जिल्ला शिक्षा कार्यालय, सुनसरीमा उपलब्ध प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरु संकलन गरी उपलब्ध तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण प्रक्रियामा साधारण अंकगणितीय तथा तथ्याङ्कीय विधि (बार, ग्राफ, चार्ट) अपनाई व्याख्या विश्लेषण गरिएको छ । व्याख्या, विश्लेषण गर्दा सकेसम्म सुनसरी जिल्लाको वस्तुस्थितिको यथार्थ धरातलमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्को विश्लेषण र व्याख्या

यस अध्ययनको विभिन्न उद्देश्य मध्ये एक उद्देश्य सुनसरी जिल्लाको विगत तीन वर्षको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने तत्त्वहरुको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । यसका लागि अध्ययनकर्ताले प्राथमिक तथा द्वितीय तथ्याङ्क दुवैको संकलन तथा विश्लेषणबाट प्राप्त तथ्य जिल्लाको परीक्षाको स्थिति तथा त्यसले पारेको प्रभावका सम्बन्धमा तथ्याङ्क संकलन गर्ने उद्देश्यले यससँग सरोकार राख्ने मुख्य व्यक्ति शिक्षक, प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई वस्तुगत तथा संक्षिप्त उत्तर आउने विषयगत प्रश्नहरुयुक्त खुल्ला प्रश्नावली बनाई उनीहरुको विचार संकलन गरेको थियो । प्रश्नावली भर्ने विद्यालय तथा व्यक्तिहरुको नामावली अनुसूचीमा प्रस्तुत गरिएको छ । सङ्कलित तथ्याङ्को व्याख्या तथा विश्लेषण निम्न अनुसार गरिएको छ :

## ४.१.१ सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक विवरण

तुलनात्मक रुपमा सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १ : विगत तीन वर्षका निम्न माध्यमिक शिक्षक परीक्षाको नतिजा विवरण**


| वर्ष | सम्मिलित परीक्षार्थी | उत्तीर्ण परीक्षार्थी | उत्तीण प्रतिशत | उत्तारित | प्रतिशत |
|---|---|---|---|---|---|
| 2064 | 3515 | 2399 | 68=25 | x | x |
| 2065 | 3433 | 2754 | 80=22 | x | x |
| 2066 | 3119 | 1291 | 41=39 | 1146 | 36=74 |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, सुनसरी, २०६७*

२०६६ मा जम्मा ३११९ जना परीक्षार्थी सामेल छन् जुन विगत दुई वर्षको तुलनामा घटी छ । त्यसै गरी उत्तीर्ण संख्या झन घट्दै गएको देखिन्छ । यस वर्ष १२१९ जना परीक्षार्थी मात्र शुद्ध उत्तीर्ण भएका छन् जुन करिव ४१% मात्र हो । करिव १४४६ जना (३६.७४%) विद्यार्थी विषय लागेर उत्तारित गरिएका छन् । माथिको तालिमका तथा स्तम्भ चित्रबाट के स्पष्ट हुन्छ भने यस जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण

परीक्षाको उत्तीर्ण प्रतिशत करिव ५० वा सोको हाराहारीमा मात्र छ । अघिल्ला दुई वर्षमा देखिएको उच्च उत्तीर्ण दरले वास्तविक उत्तीर्ण दरको प्रतिनिधित्व गर्न सकेको छैन । यसभित्र वास्तविक उत्तीर्ण र विषय लागेका तर उत्तार गरिएका दुवैको अंश रहेको देखिन्छ ।

**चित्र १ : विद्यार्थी उत्तीर्ण प्रतिशत**




## ४.१.२. नमुना विद्यालयहरुको विगत तीन वर्षको उत्तीर्ण दर


सुनसरी जिल्लाका छनौटमा परेका विद्यालयहरुको विगत ३ वर्षको औसत उतीर्ण दरलाई तालिका तथा रेखाचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ । उक्त तालिका तथा रेखाचित्रको विश्लेषण गर्दा सम्मिलित विद्यार्थी संख्या र उतीर्ण विद्यार्थी संख्याबीच लगभग घटबढ अवस्था पाइन्छ । जस्तै २०६५ मा सम्मिलित विद्यार्थी संख्या २०६४ को तुलनामा केही घटेको छ तर बढी प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

**तालिका २ : विद्यार्थी उत्तीर्ण दर**

| साल | सम्मिलित | उत्तीर्ण | प्रतिशत |
|---|---|---|---|
| २०६४ | ६०२ | ३५० | ५८.३३ |
| २०६५ | ६०० | ४७० | ७८.१३ |
| २०६६ | ५९० | २१६ | ३६.२५ |


*स्रोत : स्थलगत अध्ययन, २०६८*

**चित्र २ : विद्यार्थी उत्तीर्ण दर**




उक्त उत्तीर्ण दरलाई वृत्तचित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**चित्र ३ : विद्यार्थी उत्तीर्ण दर**




माथि उल्लेखित तालिका, स्तम्भ चित्र तथा वृत्त चित्रमा उत्तीर्ण दर हेर्दा सुनसरी जिल्लाको उत्तीर्ण प्रतिशत सन्तोषजनक देखिंदैन । आर्थिक, भौतिक र मानवीय स्रोत र साधन लगाई गरिएको शैक्षिक लगानीबाट शतप्रतिशत सफलता हासिल हुनुपर्नेमा २०६४ मा सामेल संख्या ६०२ मा ३५० जना करिव ५८ प्रतिशत उत्तीर्ण भएका छन् भने २०६५ मा सामेल संख्या लगभग उत्ति नै (६००) भए पनि ४७० जना करिव ७८% (अघिल्लो वर्षभन्दा २०% बढी) उत्तीर्ण भएको देखिन्छ । २०६६ मा सामेल संख्या विगत वर्षभन्दा घटेर ५९० रहेको छ भने उत्तीर्ण दर केवल ३६% मात्र छ । दुई विषय लागेका विद्यार्थी समेत उत्तार गरी ७२% उत्तीर्ण भएको देखिन्छ । औसत ५६.२३% र सो हाराहारीमा परीक्षाको उपलब्धि देखिनुले निम्न माध्यमिक शिक्षामा व्यापक क्षति रहेको

पुष्टि गर्दछ । सुनसरी जिल्लाको विगत तीन वर्षको विषयगत उत्तीर्ण प्रतिशतलाई तुलनात्मक प्रस्तुतिको लागि तलका तालिका तथा रेखाचित्रको माध्यमले प्रष्ट्याइएको छ ।

### ४.१.३ नमुना विद्यालयको विषयगत उत्तीर्ण दर

विद्यार्थी उत्तीर्ण दरमा विषेश प्रभाव पारिरहेका मुख्य विषयहरुमध्ये अङ्ग्रेजी र गणित विषयको उत्तीर्ण दरलाई तुलनात्मक प्रस्तुतिका लागि निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ३ : विषयगत उत्तीर्ण दर**

| वर्ष | विषय | | | | | |
|---|---|---|---|---|---|---|
| | गणित | | | अङ्ग्रेजी | | |
| | सामेल | उत्तीर्ण | प्रतिशत | सामेल | उत्तीर्ण | प्रतिशत |
| २०६४ | ४८३ | २९६ | ५९ | ४८५ | ३७६ | ७८ |
| २०६५ | ४५५ | २३० | ५१ | ४६६ | ३५६ | ७६ |
| २०६६ | ४३१ | २२६ | ५२ | ४३२ | ३२६ | ७५ |
| औसत प्रतिशत | | | ५४ | | | ७६ |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिका अध्ययन तथा विश्लेषण गर्दा निम्न माध्यमिकतहका मुख्य दुई विषयमा गणितको उत्तीर्ण दर न्यून रहेको छ । निम्न माध्यमिक शिक्षा उत्तीर्ण सम्पूर्ण परीक्षार्थीको ३ वर्षको औसत उत्तीर्ण दर ७०% भन्दा यी नमुना विद्यालयहरुको ३ वर्षको औसत उत्तीर्ण प्रतिशत पनि कम रहेको छ भने अर्को महत्त्वपूर्ण अङ्ग्रेजी विषयमा ७६% विद्यार्थी उत्तीर्ण छन् । यसबाट निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिणाममा प्रभाव पार्ने एउटा कारक पक्ष गणित विषयको न्यून उतीर्ण दर हो । विगत २ वर्षमा निम्न माध्यमिक तहको ३०% शैक्षिक क्षति रहनुमा गणित विषयको न्यून उपलब्धि देखिनु एक कारण हो (सुनसरी जिल्लाका मा.वि.को शैक्षिक क्षति अध्ययन २०६५, जि.शि.का., सुनसरी) । यस तथ्यलाई नमुना विद्यालयका शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्राप्त प्रतिक्रियाले पनि पुष्टि गरेको छ, जसलाई तल प्रस्तुत गरिएको छ ।

## ४.१.४ शिक्षक तालिम र विद्यार्थी उत्तीर्ण दर

तालिमप्राप्त र अप्राप्त शिक्षकको अध्यापनबाट परीक्षार्थी उत्तीर्ण दरमा देखिएको प्रभावलाई निम्नानुसार तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको छ :

**तालिका ४ : शिक्षक तालिम र विद्यार्थी उत्तीर्ण दर**

| क्र.स. | शिक्षक तालिम विवरण | औसत उत्तीर्ण प्रतिशत | जिल्लाको औसत उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| १ | ५० % वा सोभन्दा माथि तालिम प्राप्त शिक्षक | ७३ | ७० |
| २ | ५० % भन्दा मुनि तालिमप्राप्त शिक्षक | ६५ | |
| ३ | तालिम अप्राप्त शिक्षक | ५० | |
| ४ | तल्लो तहमा कार्यरत तर योग्यता र तालिमप्राप्त शिक्षक | ७३ | |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

नमुना विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षहरुबाट प्रश्नावली भरी प्राप्त हुन आएको जानकारी अनुसार जुन विद्यालयमा ५० वा सोभन्दा माथि तालिमप्राप्त शिक्षकहरु छन् ती विद्यालयको विगत ३ वर्षको औसत विद्यार्थी उत्तीर्ण दर ७३% छ भने ५० भन्दा कम शिक्षक तालिमप्राप्त भएका विद्यालयमा ६५%, तालिमप्राप्त शिक्षक नभएका विद्यालयमा ५०% र सम्बन्धित तहको दरवन्दी अनुसार शिक्षक नभए पनि तल्लो तहमा कार्यरत तर निम्न माध्यमिक तहका लागि योग्यता पुगेका (आई.एड.) शिक्षक भएका विद्यालयको उत्तीर्ण प्रतिशत औसतमा ७३% रहेको देखिन्छ । यस विश्लेषणबाट सम्बन्धित तहमा कार्यरत शिक्षक तालिमप्राप्त हुनुपर्ने र तहगत शिक्षकभन्दा पनि योग्यता र तालिमप्राप्त शिक्षक आवश्यक हुने तथ्य उजागर भएको देखिन्छ ।

## ४.१.५ शिक्षक सङ्ख्या र परीक्षा परिणाम

निश्चित तहमा पठनपाठनका लागि निर्धारण हुने निश्चित विषय अध्यापन गर्न तोकिएका निश्चित शिक्षक संख्या हुँदा र नहुँदा परीक्षा परिणाममा कस्तो प्रभाव देखिन्छ भन्ने सम्बन्धमा नमुना विद्यालयबाट प्राप्त उत्तर र सम्बन्धित विद्यालयको तथ्याङ्क विश्लेषण गर्दा देखिएको परिणामलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ५ : शिक्षक संख्या र उत्तीर्ण प्रतिशत**

| क.स. | शिक्षक विवरण | उत्तीर्ण प्रतिशत (३ वर्षको औसत) |
|---|---|---|
| १ | ४ वा सोभन्दा बढी शिक्षक संख्या | ९१ |
| २ | ४ भन्दा कम शिक्षक संख्या | ५५ |
| ३ | सम्पूर्ण निजी रुपमा नियुक्त शिक्षक संख्या | x |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिकाबाट यो प्रष्ट हुन्छ कि शिक्षा ऐन तथा नियमावलीले तोकेका न्यूनतम दरवन्दी संख्या अनुसार शिक्षक रहेका तथा पाठ्यक्रमले तोकेका विषय पढाउनका लागि न्यूनतम संख्यामा शिक्षक भएका विद्यालयहरुको परीक्षा परिणाम उच्च देखिएको छ (९१%) भने सो अनुसार नभई कम शिक्षक संख्या भएका विद्यालयहरुको औसत उत्तीर्ण प्रतिशत ५५ रहेको छ, जुन ३६ प्रतिशतले कम छ । यसबाट यो अर्थ बुझ्न सकिन्छ कि विषय अनुसार शिक्षक संख्या नभएमा पठनपाठनमा अपेक्षित उपलब्धि हासिल हुन सक्दैन ।

### ४.१.६ छनौटमा परेका विद्यालयहरुको तुलनात्मक विवरण

नमुना छनौट परेका विद्यालयहरुको विगत तीन वर्ष (२०६४-६६) को निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको अनिवार्य विषय अन्तरगत अंग्रेजी र गणित विषयको विषयगत रुपमा सम्मिलित, उतीर्ण विद्यार्थी संख्या र उतीर्ण प्रतिशत अनुसूचीमा प्रस्तुत गरिएको छ । दुई विषयको उत्तीर्ण प्रतिशत अङ्ग्रेजीमा भन्दा गणितमा २२% कम देखिन्छ भने गणितमा न्यूनाङ्क २ देखि उच्चाङ्क ९७ र अङ्गेजीमा न्युनाङ्क ६ देखि उच्चाङ्क ९३ देखिन्छ । यस अधारमा बढी विद्यार्थी अनुत्तीर्ण हुने र प्राप्ताङ्कको प्रसार बढी हुने विषय गणित देखिन्छ ।

## ४.२ सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सम्बन्धमा प्राप्त प्रतिक्रिया

सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा परिणाममा प्रभाव पार्ने तत्त्वहरु सम्बन्धी अध्ययनका लागि नमुना छनौटमा परेका १० वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र प्रत्येक

विद्यालयका दुई/दुईजना शिक्षकहरुलाई छुट्टाछुट्टै विषयगत तथा वस्तुगत प्रश्नयुक्त खुल्ला प्रश्नावली बनाई वितरण गरी निजहरुबाट प्राप्त प्रतिक्रियाको व्याख्या विश्लेषण निम्न अनुसार बुँदागत रुपमा गरिएको छ ।

### ४.२.१ व्यवस्थापन समितिका अध्यक्षहरुको प्रतिक्रिया

नमुना छनौटमा परेका १४ वटा विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुको अनुभवमा १ जनाको ६ महिना भन्दा कम, १० जनाको १ वर्ष, ३ जनाको २ वर्ष माथि अनुभव रहेको पाइयो । जुन प्रतिशतमा क्रमश ७.१४%, ७१.४२%,२१.४२% हुन आउँछ ।

अध्यक्षहरु मध्ये एस.एल.सी. योग्यता प्राप्त ४२.८५%, प्रमाणपत्र तह ३५.७१%, स्नातक १४.२८ प्रतिशत र स्नातकोत्तर तह ७.१४ प्रतिशत योग्यता प्राप्त रहेका पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ६, ५, २ र १ हुन आउँछ । त्यसै गरी छनौटमा परेका ७० प्रतिशत निम्न माध्यमिक विद्यालयहरुमा ४ भन्दा कम निम्न माध्यमिक दरवन्दी, २२.५ प्रतिशत विद्यालयमा ५ भन्दा कम र ७.५ प्रतिशत निम्न माध्यमिक विद्यालयमा ५ भन्दा बढी दरवन्दी रहेको पाइयो ।

नमुना छनौटमा परेका दरवन्दी पूरा नभएका विद्यालयहरुमा अध्ययन अध्यापन कसरी भइराखेको छ भन्ने कुरा तल तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका ६ : बिना दरवन्दी पठनपाठनको स्थिति**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अन्य विषयका शिक्षकबाट | २ | १४.२८ |
| २ | निजी स्रोतका शिक्षकबाट | ६ | ४२.८४ |
| ३ | तल्लो तहका शिक्षकबाट | ३ | २१.४२ |
| ४ | माथिल्लो तहका शिक्षकबाट | ० | ० |
| ५ | आंशिक शिक्षकबाट | २ | १४.२८ |
| ६ | उल्लेख नगरेका | १ | ७.१४ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिकाबाट सरकारी दरवन्दी बिना विद्यालयमा कसरी पठानपाठन भइरहेको छ भन्ने प्रश्नमा ४२.८४ प्रतिशत निम्न माध्यमिक विद्यालयमा निजी स्रोतका शिक्षकहरुबाट, १४.२८ प्रतिशतले अन्य विषयका शिक्षकहरुबाट, २१.४२ प्रतिशतले

तल्लो तहको शिक्षकहरुबाट, १४.२८ प्रतिशतले आंशिक शिक्षकहरुबाट अध्ययन अध्यापन गराएको बताए भने ७.१४ प्रतिशत उत्तरदाताहरुले केही उल्लेख गरेनन् जुन संख्यात्मक रुपमा क्रमशः ६, २, ३, २ र १ हुन आउँछ ।

छनौटमा परेका निम्न माध्यमिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुमध्ये १४.२८ प्रतिशत विद्यालयमा सबै शिक्षक तालिमप्राप्त, ३५.७ प्रतिशत विद्यालयमा ५० प्रतिशत भन्दा बढी शिक्षक तालिमप्राप्त, ३५.७ प्रतिशत विद्यालयका शिक्षकहरु मध्ये ५० प्रतिशत भन्दा कम तालिमप्राप्त र ७.१४ प्रतिशत विद्यालयका शिक्षकले कुनै पनि तालिम नलिएको बताए भने ७.१४ प्रतिशतले केही उल्लेख गरेनन् जुन संख्यात्मक रुपमा क्रमशः २, ५, ५, १ र १ थिए ।

आफ्नो विद्यालयको निम्न माध्यमिक तहको पढाइ कस्तो छ भन्ने प्रश्नमा २१.४२ प्रतिशत अध्यक्षले धेरै राम्रो २८.५६ प्रतिशतले राम्रो, ३५.७ प्रतिशतले सामान्य र १४.२८ प्रतिशतले निम्न रहेको बताए जुन संख्यात्मक रुपमा क्रमशः ३, ४, ५ र २ रहेको थियो ।

आफ्नो विद्यालयको परीक्षाको नतिजा कस्तो छ भन्नेमा २१.४२ प्रतिशतले धेरै राम्रो, २८.५६ प्रतिशतले राम्रो, ३५.७ प्रतिशतले सामान्य र ७.१४ प्रतिशतले निम्न बताए भने ७.१४ प्रतिशतले केही उल्लेख गरेनन् जुन संख्यात्मक रुपमा क्रमशः ३, ४, ५, १ र १ रहेको थियो ।

आफ्नो विद्यालयमा परीक्षाको नतिजा विशलेषण गर्ने गरिएको छ छैन भन्नेमा ७१.४ प्रतिशत अध्यक्षले विश्लेषण गर्ने गरेको, १४.२८ प्रतिशत अध्यक्षले शिक्षकसँग सामान्य छलफल मात्र गर्ने गरेको र १४.२८ प्रतिशतले विशलेषण नगर्ने गरेको जवाफ दिए । आफ्नो विद्यालयको नतिजा न्यून भएमा कसलाई सबभन्दा बढी जिम्मेवार ठान्नुहुन्छ भन्ने प्रश्नमा प्राप्त भएको प्रतिक्रियालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : नतिजा न्यून हुनुमा जिम्मेवारी विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षकलाई | ६ | ४२.८५ |
| २ | प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष | २ | १४.२८ |
| ३ | विद्यार्थी | ३ | २१.४२ |
| ४ | अभिभावक | ३ | २१.४२ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिकाको विश्लेषण गर्दा आफ्नो विद्यालयको नतिजा न्यून हुनमा सबभन्दा बढी जिम्मेवारमा ४२.८५ प्रतिशत अध्यक्षले शिक्षकलाई, १४.२८ प्रतिशतले प्रधानाध्यापक र व्यवस्थापन समितिलाई, २१.४२ प्रतिशतले विद्यार्थीलाई र २१.४२ प्रतिशतले अभिभावकलाई जिम्मेवार ठह-याएका छन् जुन अध्यक्षहरुको संख्या क्रमशः ६, २, ३ र ३ रहेको छ ।

तपाईको विद्यालयमा सबभन्दा बढी कुन विषयमा विद्यार्थी अनुतीर्ण हुन्छन् भन्ने प्रश्नको उत्तरमा ३५.०७ प्रतिशत अध्यक्षले गणित र विज्ञानमा, २१.४२ प्रतिशतले गणित र अंग्रेजीमा, २८.५६ प्रतिशतले गणित, अंग्रेजी र विज्ञानमा र ७.१४ प्रतिशतले नेपाली, सामाजिक विषयमा सवभन्दा बढी विद्यार्थी अनुतीर्ण हुने बताए ।

आफ्नो विद्यालयको नतिजा न्यून हुने कारणमा १४.२८ प्रतिशत अध्यक्षले विषयगत शिक्षक र न्यून दरवन्दी, ७.१४ प्रतिशतले राजनैतिक नियुक्तिको प्रक्रियाले गर्दा, ७.१४ प्रतिशतले शिक्षक जिम्मेवार र प्रतिवद्ध नहनु, १४.२८ प्रतिशतले अभिभावकमा चेतनाको कमी, ७.१४ प्रतिशतले विद्यार्थी र अभिभावक दुवैको कमजोर आर्थिक अवस्थाको कारणले, १४.२८ प्रतिशतले प्रयोगशाला र शैक्षिक सामाग्रीको अभाव, ७.१४ प्रतिशतले तालिम अप्राप्त शिक्षक र ७.१४ प्रतिशतले सामाजिक र सांस्कृतिक वातावरणलाई ठह-याए भने २१.४२ प्रतिशतले विद्यार्थी अनियमितता, निरीक्षणको कमी, पुरस्कार र दण्डहीनतालाई उल्लेख गरे ।

आफ्नो विद्यालयको नतिजा न्यून भएमा सुधार्न के गर्नु पर्छ भन्नेमा ५७.१४% ले विषयगत शिक्षक र न्यून दरवन्दी पूरा हुनुपर्ने, ७.१४% ले शिक्षक, विद्यार्थी, वि.व्य.स. अन्तक्रिया हुनुपर्ने, १४.२८% ले राम्रो काम गर्ने र नगर्नेलाई दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्ने, ७.१४% ले प्रधानाध्यापक लाई कडा निर्देशन, १४.२८% ले राजनैतिक प्रथा बन्द गर्नुपर्ने, २८.५६% ले प्रभावकारी निरीक्षण अनुगमन, १४.२८% ले विज्ञान प्रयोगशालाको व्यवस्था गर्नुपर्ने, ७.१४% ले छात्रावासमा राखेर अध्ययनमा गराउने व्यवस्था गर्नुपर्ने, २१.४२% ले तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुपर्ने, २१.४२% ले अभिभावक चेतनशील हुनुपर्ने, ७.१४% ले ठोस शैक्षिक नीति आउनुपर्नु, ७.१४% ले प्राथमिक तहदेखि नै शैक्षिक गुणस्तर कायम गरिनु पर्ने र शत प्रतिशतले राजनीतिक स्थिरता हनुपर्ने भन्ने सुझाव दिएका छन् ।

समग्र जिल्लाको नतिजा न्यून हुनुको कारण के हो भन्ने प्रश्नको उत्तरमा २१.४२% ले विषयगत दरवन्दी र तालिम अप्राप्त शिक्षक, २८.५६% ले अनुगमन निरीक्षणको कमी, ७.१४% ले वि.नि तथा जि.शि.अ. को जागिरे मानसिकता, २८.५६% ले शिक्षाप्रति विद्यार्थी अभिभावक दुवैको कम चासो हुनु, ७.१४% ले चोरेर भएपनि पास गराउन विद्यार्थी शिक्षक सक्रिय रहनु, ७.१४% ले अत्यधिक विद्यार्थी संख्या, ७.१४% ले कमजोर आर्थिक अवस्था र घरयासी कार्यमा बढी ध्यान दिनु, १४.२८% ले पाठ्यक्रम पाठ्यपुस्तक समयमा उपलब्ध नहुनु, विद्यार्थी अनियमितता हुनु, तालिम प्राप्त शिक्षक नहुनु आदि र ७.१४% ले व्यवस्थापन समिति सकृय नहुनु भन्ने पाइयो ।

समग्र जिल्लाको नतिजा सुधार्न के गर्नुपर्दछ भन्ने प्रश्नको उत्तरमा २८.५६% ले विषयगत र तालिम प्राप्त शिक्षक, २८.५६% ले अभिभावक शिक्षक र विद्यालय व्यवस्थापन समितिको सक्रियता, ७.१४% ले नियमित निरीक्षण, ७.१४% ले अभिभावकका लागि चेतनामूलक कार्यक्रम संचालन गरिनु पर्ने, ७.१४% ले चोरी नियन्त्रण हुनुपर्ने, १४.२८% ले विज्ञान सामग्री र प्रयोगशालाको व्यवस्था सरकारी तवरबाट हुनुपर्ने, र ७.१४% ले शिक्षक, कर्मचारीमा देशप्रेमको भावना हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।

## ४.२.२ प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रिया

आफ्नो अनुभव, विद्यालयको प्रकार, शैक्षिक अवस्था, तिनका कमी कमजोरी र सुधारका उपाय सम्बन्धमा विभिन्न वस्तुगत तथा संक्षिप्त उत्तरात्मक विषयगत ९ वटा प्रश्नहरु रहेको प्रश्नावली बनाई नमुनामा परेका १४ प्रधानाध्यापकद्वारा प्राप्त यस विषय सम्बन्धी प्रत्युत्तर निम्नानुसार रहेको छ ।

**तालिका ८ : प्रधानाध्यापक को अनुभव विवरण**

| क्र.स. | अनुभव वर्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ वर्षभन्दा कम | १ | ७ |
| २ | ३ वर्ष | २ | १४ |
| ३ | ५ वर्ष | २ | १४ |
| ४ | ५ वर्ष माथि | ९ | ६५ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

प्रधानाध्यापकको अनुभव वर्षमा ७ प्रतिशत १ वर्ष भन्दा कम, १४ प्रतिशत ३ वर्ष अनुभव भएका, १४ प्रतिशत ५ वर्ष अनुभव भएका र ६५ प्रतिशत ५ वर्षभन्दा बढी अनुभव भएका रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः १, २, २, र ९ रहेका छन् । कुन तहमा कार्यरत हुनुहुन्छ भन्ने प्रश्नको उत्तरमाा ५० प्रतिशत प्राथमिक तहमा, २५ प्रतिशत निम्न माध्यमिक तहमा र २५ प्रतिशत माध्यमिक तहमा कार्यरत रहेको पाइयो ।

**तालिका ९ : प्रधानाध्यापक को योग्यता विवरण**

| क.स. | शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रवेशिका | ७ | ४९.९८ |
| २ | आई.एड. | ३ | २१.४५ |
| ३ | स्नातक | ४ | २८.५७ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

छनौटमा परेका प्रधानाध्यापकहरु मध्ये ४९.९८% को योग्यता स्नातक, २१.४५% को आई.एड. र २८.५७% को प्रवेशिका उत्तीर्ण रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ७, ३ र ४ छन् ।

**तालिका १० : प्रधानाध्यापकको तालिम विवरण**

| क.स. | तालिम अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बी.एड. | ९ | ६३.३० |
| २ | १० महिना | १ | ७.१४ |
| ३ | ५ महिना | २ | १४.२८ |
| ४ | तालिम नलिएको | २ | १४.२८ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

कार्यरत प्रधानाध्यापक मध्ये ६३.३०% ले ५ महिनासम्मको तालिम लिएका, ७.१४% ले १० महिनाको, १४.२८% ले बी.एड. उतीर्ण गरेको र १४.२८% ले तालिम प्राप्त नगरेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ९, १, २, र २ छन् ।

**तालिका ११ : नमुना छनौटमा परेका प्रधानाध्यापक कार्यरत रहेको विद्यालय विवरण**

| क्र.स. | विद्यालय/क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ग्रामीण सामुदायिक | १० | ७१.४४ |
| २ | शहरी सामुदायिक | २ | १४.२८ |
| ३ | ग्रामीण संस्थागत | १ | ७.१४ |
| ४ | शहरी संस्थागत | १ | ७.१४ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

छनौटमा परेका प्रधानाध्यापक हरुमध्ये ७१.४४% ग्रामीण सामुदायिक, १४.२८% शहरी सामुदायिक, ७.१४% ग्रामीण संस्थागत र ७.१४% शहरी संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापक रहेका पाइयो जुन संख्यात्मक रुपमा क्रमशः १०, २, १ र १ रहेका छन् ।

**तालिका १२ : निम्न माध्यमिक शिक्षक संख्या विवरण**

| क्र.स. | शिक्षक संख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ भन्दा कम | ४ | २८.५७ |
| २ | ५ भन्दा कम | ३ | २१.४३ |
| ३ | ५ भन्दा बढी | ७ | ५० |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

छनौटमा परेका विद्यालयहरुमा २८.५७% विद्यालयमा ४ भन्दा कम निम्न माध्यमिक शिक्षक, २१.४३% मा ५ भन्दा कम निम्न माध्यमिक शिक्षक र ५०% विद्यालयमा ५ भन्दा बढी निम्न माध्यमिक शिक्षक रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमश ४, ३ र ७ रहेको पाइयो ।

**तालिका १३ : शिक्षक तालिम विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सवै शिक्षक तालिमप्राप्त | १ | ७.१४ |
| २ | ५० प्रतिशतभन्दा बढी शिक्षक तालिमप्राप्त | ६ | ४२.८६ |
| ३ | ५० प्रतिशतभन्दा कम शिक्षक तालिमप्राप्त | ५ | ३५.७२ |
| ४ | सवै शिक्षक तालिम अप्राप्त | २ | १४.२८ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

कार्यरत शिक्षकमध्ये ७.१४ प्रतिशत विद्यालयका सबै शिक्षक तालिमप्राप्त रहेका, ४२.८६ प्रतिशत विद्यालयमा ५०% भन्दा बढी शिक्षक तालिम प्राप्त रहेका, ३५.७२% विद्यालयमा ५०% भन्दा कम शिक्षक तालिम प्राप्त रहेका पाइयो । १४.२८% विद्यालयका सबै शिक्षक तालिम अप्राप्त रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः १, ६, ५ र २ रहेका छन् ।

दरवन्दी पूरा नभएकामा कसरी शिक्षण सिकाइ क्रियाकलाप गर्नुहुन्छ भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियाहरु तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १४ : न्यून दरवन्दीमा अध्यापनको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अन्य विषयका शिक्षकबाट | ३ | २१.४४ |
| २ | निजी स्रोतका शिक्षकबाट | ६ | ४२.८६ |
| ३ | तल्लो तहका शिक्षकबाट | २ | १४.२८ |
| ४ | आंशिक शिक्षकबाट | २ | १४.२८ |
| ५ | केही उल्लेख नगरेको | १ | ७.१४ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

दरवन्दी न्यून भएको अवस्थामा कसरी शिक्षण क्रियाकलाप गर्नु भएको छ भन्ने प्रश्नमा २१.४४ प्रतिशत प्रधानाध्यापक ले अन्य विषयको शिक्षकबाट, ४२.८६ प्रतिशतले निजी स्रोतमा शिक्षक राखेर, १४.२८ प्रतिशतले तल्लो तहमा शिक्षकलाई लगाएर र १४.२८ प्रतिशतले आंशिक शिक्षकबाट अध्यापन कार्य संचालन गर्ने गरेको बताए भने ७.१४ प्रतिशतले केही उल्लेख गरेनन् ।

**तालिका १५ : विद्यालयको नतिजा विवरण**

| क.स. | नतिजा विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै राम्रो | २ | १४.२८ |
| २ | राम्रो | ४ | २८.५८ |
| ३ | सामान्य | ७ | ५० |
| ४ | न्यून | १ | ७.१४ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

आफ्नो विद्यालयको नतिजा कस्तो छ भन्नेमा १४.२८ प्रतिशत प्रधानाध्यापक ले धेरै राम्रो रहेको बताए जुन संस्थागत विद्यालयका प्रधानाध्यापक हुन् । २८.५८ प्रतिशतले राम्रो, ५० प्रतिशतले सामान्य र ७.१४ प्रतिशतले न्यून रहेको बताए जुन संख्यात्मक रुपमा क्रमशः २, ४, ७ र १ हुन आउँछ ।

**तालिका १६ : विद्यार्थी उत्तीर्ण दर विवरण**

| क.स. | नतिजा विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ७५ प्रतिशतभन्दा माथि | ७ | ५० |
| २ | ५० प्रतिशतभन्दा माथि | ५ | ३५.७२ |
| ३ | २५ प्रतिशतभन्दा कम | २ | १४.२८ |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

आफूले अध्यापन गराएको विषयमा विद्यार्थी उत्तीर्णदर कस्तो छ भन्ने प्रश्नमा ५० प्रतिशत प्रधानाध्यापकले ७५ प्रतिशत भन्दा माथि रहेको, ३५.७२ प्रतिशतले ५० प्रतिशत भन्दा माथि रहेको र १४.२८ प्रतिशतले २५ प्रतिशत भन्दा कम रहेको बताए जुन संख्यात्मक रुपमा ७, ५ र २ हुन आउँछ ।

विद्यार्थी उत्तीर्ण दर न्यून हुँदा सम्बन्धित शिक्षकलाई अनिवार्य रुपमा शिक्षण सुधार गर्नुपर्ने निर्देशन दिने ४२.८६% जना, शैक्षणिक योजना निर्माणका क्रममा सबै शिक्षकको सहभागिता गराउने र सहयोगात्मक शिक्षण तरिका अपनाउन निर्देशन दिने ४२.८६%, र अन्य शिक्षकको समेत सहयोग लिई अघि बढ्ने सल्लाह दिने - १४.२८% प्रधानाध्यापक रहेको पाइयो ।

**तालिका १७ : परीक्षा परिणामको विश्लेषण विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिणााम विश्लेषण गर्ने | १२ | ८५.७२ |
| २ | शिक्षकसँग सामान्य छलफल गर्ने | २ | १४.२८ |
| ३ | परिणाम विश्लेषण नगर्ने | – | - |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

परीक्षा परिणामको विश्लेषण गर्ने गरिएको छ कि छैन भन्ने प्रश्नमा ८५.७२ प्रतिशत प्रधानाध्यापकले विश्लेषण गरिएको बताए र १४.२८ प्रतिशतले शिक्षकसँग सामान्य छलफल गर्ने गरेको बताए जुन संख्यात्मक रुपमा १२ र २ जना हुन आउँछ ।

आफ्नो विद्यालयको नतिजा न्यून हुनमा कसलाई सबैभन्दा बढी जिम्मेवारी ठान्नु हुन्छ भन्ने प्रश्नको उत्तरमा प्राप्त प्रतिक्रियाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८ : नतिजा न्यून हुनुमा जिम्मेवारको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षकलाई | ५ | ३५.७२ |
| २ | प्रधानाध्यापक र वि.व्य.स. | २ | १४.२८ |
| ३ | विद्यार्थी | ७ | ५० |
| जम्मा | | १४ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

माथिको तालिका विश्लेषण गर्दा आफ्नो विद्यालयको नतिजा न्यून भएमा कसलाई सबभन्दा बढी जिम्मेवार ठान्नु हुन्छ भन्ने प्रश्नमा ३५.७२ प्रतिशत प्रधानाध्यापकले शिक्षकलाई, १४.२८ प्रतिशतले आफू र व्यवस्थापन समितिलाई, ५० प्रतिशतले विद्यार्थीलाई जिम्मेवार ठऱ्याएको बताए जुन संख्यात्मक रुपमा क्रमशः ५, २ र ७ हुन आउँछ ।

आफ्नो विद्यालयमा सबै भन्दा बढी कुन विषयमा अनुत्तीर्ण हुन्छन् भन्ने प्रश्नको उत्तरमा ६४.२८ प्रतिशत प्रधानाध्यापकले अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिकमा, १४.२८ प्रतिशतले गणित र विज्ञानमा, २१.४४ प्रतिशतले गणित, विज्ञान र नेपालीमा, ७.१४ प्रतिशतले गणितमा मात्र र ७.१४ प्रतिशतले गणित र विज्ञानमा भनेको पाइयो ।

उक्त विषयमा विद्यार्थी कम उत्तीर्ण हुनुका निम्न कारण उल्लेख भएका छन् : विद्यार्थी अनियमितता १४.२८%, निजी स्रोतमा शिक्षक रहनु १४.२८%, गणित/अङ्ग्रेजी विषयलाई कम महत्त्व दिनु १४.२८%, जग राम्रो नहुनु १४.२८%, ट्यूशनको अभाव १४.२८%, दरवन्दी कम १४.२८%, विषय शिक्षकको अभाव १४.२८%, राजनीतिक प्रभाव,

अभिभावकको कम चासो २१.४२% र तालिम प्राप्त शिक्षकको अभाव २८.५८% मत रहको पाइयो ।

आफ्नो विद्यालयको न्यून नतिजा हुनका कारणहरु के के हुन् भन्नेमा ५७.१४% मत न्यून शिक्षक दरवन्दी र विषयगत दरवन्दी नहुनु भन्नेमा, ७.१४% मत शिक्षित र सक्षम परिवारका विद्यार्थी सामुदायिक विद्यालयमा नआउनु, ७.१४% मत विज्ञान सामग्रीको अभाव र कमजोर अनुगमन प्रणाली, अनुत्तरदायी शिक्षक व्यवहार ७.१४% मत, प्रतिकूल सिकाइ वातावरण ७.१४%, त्रुटिपूर्ण उत्तरपुस्तिका र निर्देशनका कारण १४.२८% मत, आर्थिक विपन्नता १४.२८% मत, कक्षा कार्य र अभ्यास कार्यमा कमी १४.२८% मत, विद्यार्थी पढाइप्रति अभिरुचिमा कमी रहेको कारण भन्ने ७.१४% मत पाइयो ।

आफ्नो विद्यालयको नतिजा न्यून भए सुधारका उपाय के हुन सक्दछन् भन्ने प्रश्नको उत्तरमा १ मत विद्यार्थी शिक्षक र अभिभावकबीच त्रिपक्षीय भेला गराई समस्या समाधान गराउनुपर्ने, १ मत निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका निम्ति कोचिङ्ग गर्नुपर्ने, १ मत दलित, पिछडिएका जनजातिमा जागरण ल्याउनुपर्ने १ मत योग्यताको आधारमा शिक्षक नियुक्ति गर्नुपर्ने, १ मत शैक्षिक प्रशासन प्रभावकारी र बलियो हुनुपर्ने, १ मत शिक्षण सिकाइमा अनुकूल वातावरण सिर्जना गर्नुपर्ने, १ मत नियमित र मर्यादित पठन पाठन गर्नुपर्ने, १ मत वैयक्तिक शिक्षण विधि अपनाउनुपर्ने, १ मत स्तरीय पाठ्यक्रमको व्यवस्था गर्नुपर्ने, १ मत गृहकार्यको निरन्तरता र निष्पक्ष मूल्याङ्कन हुनुपर्ने, १ मत सबै विषयलाई उत्तिकै महत्व दिई पढाउनुपर्ने, १ मत अभिभावकमा सजगता र बीच बीचमा जाँच लिई सक्रिय बनाउनु पर्ने, १ मत प्राथमिक तहदेखि नै पठनपाठनमा सुधार तथा स्तरीय परीक्षा प्रणाली हुनुपर्ने, १ मत कक्षा ६ देखि अनिवार्य छात्रावासमा बसी अध्ययन-अध्यापन गराउने व्यवस्था हुनुपर्ने, १ मत अभ्यासमा जोड दिनुपर्ने, १ मत विद्यालय व्यवस्थापन समितिको सक्रियता हुनुपर्ने र १ मत शिक्षकलाई दण्ड र पुरस्कारको स्पष्ट व्यवस्था हुनुपर्ने राय व्यक्त गरेको पाइयो ।

समग्र जिल्लाको नतिजा न्यूनका कारण के हुन् भन्ने प्रश्नमा १ मत न्यून र विषयगत दरवन्दीको अभाव, १ मत विद्यालयमा बढी राजनीति हुनु र राजनैतिक आस्थाका आधारमा शिक्षकको नियुक्ति हुनु, १ मत कमजोर निरीक्षण, अनुगमन प्रणाली, १ मत तालिम अप्राप्त शिक्षक, १ मत विद्यार्थी तथा अभिभावकको कमजोर आर्थिक

स्थिति, १ मत शिक्षक अभिभावक, विद्यालय प्रशासन र सरकारी कर्मचारीमा उत्तरदायित्वको भावनाको अभाव, १ मत अमर्यादित रुपमा परीक्षा संचालन हुनु, १ मत विषयगत शिक्षकद्वारा अध्ययन अध्यापन नगराउनु, १ मत कमजोर व्यवस्थापन पक्ष, १ मत आधारहीन उत्तरपुस्तिका परीक्षण, १ मत पेशाप्रति कर्तव्यनिष्ठ र सिपालु शिक्षक नहुनु, १ मत  पाठ्यक्रम परिवर्तनको मानसिकता विद्यार्थीमा नहुनु, १ मत पढाइप्रति कम लगनशील विद्यार्थी, १ मत विद्यार्थीलाई घरायसी काममा लगाउनु, १ मत सबै कक्षामा सबै विद्यार्थी उत्तीर्ण गराउने परम्परा र १ मत अभिभावक र विद्यार्थी दुवै चोर्ने र चोराउने पक्षमा रहनु जस्ता कारण उल्लेख भएको पाइयो ।

समग्र जिल्लाको नतिजा सुधार्न के गर्नु पर्दछ भन्ने प्रश्नको उत्तरमा प्रधानाध्यापकहरुको निम्नानुसारको सुझाव पाइयो : अनुमति प्राप्त विद्यालयमा दरवन्दी दिनुपर्ने, तालिम प्राप्त शिक्षक र विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने, पठनपाठनको स्तर उकास्नु पर्ने, राजनैतिक नियुक्ति तथा हस्तक्षेप बन्द हुनु पर्ने, शिक्षा ऐनमा उपयुक्त संशोधन गर्नुपर्ने, विद्यालयमा शैक्षिक वातावरण हुनुपर्ने, प्रभावकारी अनुगमन, निरीक्षण प्रणाली लागू गर्ने, अभिभावकको आर्थिक अवस्था सुधार्नुपर्ने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कायम गर्नुपर्ने, संस्थागत प्रधानाध्यापकको सरुवा (सधैंभरि एकै ठाउँमा बसिहरने व्यवस्थाको अन्त्य) हुनुपर्ने, विद्यालयमा कार्य दिनमा पूरा कार्य हुनुपर्ने, वैयक्तिक शिक्षण विधि अपनाउनुपर्ने, प्रयोगशाला र शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने, गृहकार्य/अभ्यासको विद्यालयमा राम्रो प्रयोग हुनुपर्ने, परीक्षा सम्बन्धी गोष्ठी गरिनुपर्ने, स्तरीय प्रश्न निर्माण गरिनुपर्ने, विशेषज्ञद्वारा निष्पक्ष उत्तरपुस्तिका परीक्षण हुनुपर्ने, परीक्षालाई मर्यादित र अनुशासित बनाइनुपर्ने, विषयगत तालिम प्राप्त शिक्षकको पूर्ति हुनुपर्ने, तल्लो कक्षादेखि नै विद्यार्थी, प्रधानाध्यापक, अभिभावकमा पढ्ने/पढाउने बानीको विकास हुनुपर्ने, समय समयमा पुनर्ताजगी र विषयगत तालिमको व्यवस्था हुनुपर्ने ।

जिल्ला शिक्षा अधिकारीद्वारा समय समयमा शैक्षिक अवस्थाको निरीक्षण एवं मूल्याङ्कन हुनुपर्ने, परीक्षामा असफल हुनेहरुलाई कक्षा नचढाउने, तल्लो कक्षा (प्राथमिक तह) देखि नै उत्तीर्ण हुनेलाई मात्र कक्षा चढाउने व्यवस्था हुनुपर्ने, परीक्षा नियमावलीमा संशोधन गर्नुपर्ने, प्रत्येक विद्यालयका आवश्यकता फरक फरक हुने भए पनि न्यूनतम आवश्यकता सबैको पूरा हुनुपर्ने, विद्यालयलाई निश्चित भौतिक सुविधा उपलब्ध गराइनु

पर्ने, प्रत्येक कक्षामा ३० भन्दा धेरै विद्यार्थी संख्या हुन नहुने, समयमा नै विद्यालयका समस्या समाधान गर्नुपर्ने ।

### ४.२.३ शिक्षकहरुबाट प्राप्त प्रतिक्रियाहरु

नमूना छनौटमा परेका सामुदायिक विद्यालयका २० र संस्थागत विद्यालयका ८ जना गरी जम्मा २८ जना शिक्षकहरुका लागि अनुभव वर्ष, तालिम लिए नलिएको, विद्यालयको प्रकार, योग्यता, शिक्षण अनुभव, परीक्षा आदि जस्ता प्रश्नमा उनीहरुको प्रतिक्रियाका लागि विभिन्न विषयगत तथा वस्तुगत खुल्ला प्रश्नावली बनाई साधिएकोमा उनीहरुबाट प्राप्त प्रतिक्रियाहरुको विश्लेषण निम्न अनुसार गरिएको छ ।

कति वर्षदेखि निम्न माध्यमिक तहमा अध्यापन गर्दै आउनु भएको छ भन्ने प्रश्नमा १७.८५ प्रतिशत शिक्षकको २ वर्षभन्दा कम, १०.७१ प्रतिशतको ५ वर्ष भन्दा कम, ७१.४० प्रतिशतको ६ वर्ष र सो भन्दा माथिको अनुभव रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ८, ८ र १२ हुन आउँछ ।

२ शिक्षकको योग्यता स्नातक, २ शिक्षकको स्नातकोत्तर, ६ शिक्षकको आइ.एड., १० को आइ.ए. र ८ एस.एल.सी.रहेको पाइयो जुन प्रतिशतमा क्रमशः ७.१४, ७.१४, २१.४२, ३५.७, र २८.५६ हो ।

६३.७२ प्रतिशत शिक्षक ग्रामीण सामुदायिक विद्यालयका, १४.२८ प्रतिशत शिक्षक शहरी सामुदायिक विद्यालयका, १४.२८ प्रतिशत शिक्षक ग्रामीण संस्थागतका र ७.१४ प्रतिशत शिक्षक शहरी संस्थागत विद्यालयमा कार्यरत रहेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः १८, ४, ४ र २ हुन आउँछ ।

तालिम अवधि सम्बन्धमा २१.४२ प्रतिशत शिक्षकले १० महिनाको तालिम प्राप्त गरेका, २८.५६ प्रतिशत शिक्षकले बी.एड. उत्तीर्ण गरेका, ३९.२७ प्रतिशत शिक्षकले तालिम नलिएका, १०.७१ प्रतिशत शिक्षकले केही उल्लेख नगरेका पाइयो जुन संख्यात्मक रुपमा ६, ८, ११ र ३ जना हुन् । कार्यरत शिक्षक मध्येमा १४.२८ प्रतिशत विद्यालयमा ४ भन्दा कम मा.वि. शिक्षक, ७.४ प्रतिशतमा ५ भन्दा कम र २८.५६ प्रतिशत विद्यालयमा ५ वा सो भन्दा माथिको दरवन्दी रहको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ४, २ र ८ हुन आउँछ ।

आफ्नो विद्यालयको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा कस्तो छ भन्नेमा १४.२८ प्रतिशत शिक्षकले धेरै राम्रो भने जुन संस्थागत विद्यालयका हुन् र ३९.२७ प्रतिशत शिक्षकले राम्रो र ४२.८४ प्रतिशत शिक्षकले सामान्य रहेको उल्लेख गरेको पाइयो जुन संख्यात्मक रुपमा क्रमशः ५, ११ र १२ हुन् ।

आफूले अध्यापन गराएको विषयमा कति प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भन्ने प्रश्नमा ६०.६९ प्रतिशत शिक्षकले ७५ प्रतिशत भन्दा माथि र २८.५६ प्रतिशतले ५० प्रतिशत भन्दा कम र १०.७१ प्रतिशत शिक्षकले २५ प्रतिशत भन्दा कम भएको उल्लेख गरेको पाइयो जुन क्रमशः १७, ८ र ३ जना हुन् ।

आफ्नो विद्यालयको नतीजा न्यून हुनुमा कसलाई सबभन्दा बढी जिम्मेवार ठान्नुहुन्छ भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९ : न्यून नतिजा र जिम्मेवारी विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक | ४ | १४.२८ |
| २ | प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष | ४ | १४.२८ |
| ३ | विद्यार्थी | १० | ३५.७० |
| ४ | अभिभावक | १० | ३५.७० |
| जम्मा | | २८ | १०० |

*स्रोत : स्थलगत अध्ययन-२०६८*

माथिको तालिका विश्लेषण गर्दा आफ्नो विद्यालयको नतिजा न्यून हुनुमा कसलाई सबभन्दा बढी जिम्मेवार ठान्नुहुन्छ भन्ने प्रश्नमा १४.२८ प्रतिशत शिक्षकले आफैंलाई, १४.२८ प्रतिशत शिक्षकले प्रधानाध्यापकलाई, ३५.७० प्रतिशतले विद्यार्थीलाई र ३५.७० प्रतिशत शिक्षकले अभिभावकलाई जिम्मेवार ठहराएका छन् ।

आफ्नो विद्यालयको नतिजा न्यून भएमा सबभन्दा बढी कुन विषयमा विद्यार्थीहरु अनुत्तीर्ण हुन्छन् भन्नेमा ११.५३ प्रतिशत शिक्षकले गणित र विज्ञानमा, १५.३८ प्रतिशत शिक्षकले गणित र अंग्रेजीमा र ४२.३० प्रतिशत शिक्षकले गणित र विज्ञान, ३.८४ प्रतिशतले नेपालीमा (संस्थागत विद्यालयका शिक्षक), ३.८४ प्रतिशतले गणित र सामाजिकमा, ३.८४ प्रतिशतले विज्ञान र सामाजिकमा, ३.८४ प्रतिशतले सामाजिक र १५.३८ प्रतिशत शिक्षकले कुनै उल्लेख नगरेको पाइयो ।

आफ्नो विद्यालयको नतिजा न्यून हुने कारणमा विषयगत र न्यून शिक्षक दरवन्दी १० मत, भौतिक सामग्रीको कमी २ मत, विद्यालयको पढाइको स्तर न्यून हुनु ३ मत, अभिभावक संवेदनशील नहुनु ५ मत, भौतिक सुविधा र शिक्षण सामग्रीको कमी ३ मत, बढी विद्यार्थी संख्या हुनु १ मत पाइयो ।

त्यसैगरि कर्मचारी शिक्षक तथा अभिभावक चोर्न/चोराउन सक्रिय हुनु ३ मत, कक्षा अवलोकनका माध्यमबाट समय समयमा दिइनुपर्ने तालिमको अभाव हुनु १ मत, समाज र शिक्षामा अन्तरक्रियाको कमी २ मत, विद्यार्थीमा लत्तो छाड्ने प्रवृत्ति १ मत, वातावरणीय प्रभाव १ मत, अत्यधिक विद्यार्थी संख्या भएकोले राम्रो शिक्षण सिकाइ क्रियाकलाप नहुनु १ मत, तालिम लिए पनि पुरानै ढंगबाट शिक्षण गर्नु २ मत, नेपालीमा कम नम्बर आउनुमा नेपालीको कम प्रयोग र अंग्रेजीमा बढ्दो दवाव १ मत, आर्थिक अभाव ३ मत, शैक्षिक जागरणको कमी ५ मत, तालिम प्राप्त शिक्षकको अभाव ३ मत, पूर्ण प्रतिबद्ध र समर्पित शिक्षकको अभाव १ मत, समुदायद्वारा नतिजा प्रकाशनमा दवाव १ मत, आधुनिक शिक्षण पद्वति नअपनाउनु १ मत पाइयो ।

अभिभावकहरु राजनैतिक, शैक्षिक, आर्थिक रुपमा पछि हुनु २ मत, तल्लो तहदेखि नै कमजोर जग १ मत, विद्यार्थी लगनशील नहुनु ३ मत, शिक्षकले आफ्नो जिम्मेवारी बहन नगर्नु ३ मत, कर्तव्यप्रति उदासिनता १ मत, विद्यार्थी शिक्षक एवं अभिभावकबीच राम्रो सम्बन्ध नहुनु १ मत, शिक्षकहरु नेता हुनु १ मत, निजी स्रोतमा शिक्षक हुनु वा निम्न माध्यमिक तहमा शिक्षक नहुनु तथा सरकारले कम ध्यान दिनु १ मत, निम्न माध्यमिक तहको दरवन्दी दिनुपर्ने १ मत भन्ने जस्ता उत्तर दिएको पाइयो । साथै ४ जनाले कुनै जवाफ दिएनन् ।

आफ्नो विद्यालयको नतिजा न्यून भए सुधारका उपाय के हुन सक्दछन् भन्ने प्रश्नमा अभिभावक-विद्यार्थी-शिक्षकको त्रिपक्षीय भेला गराई सुधारका उपायहरु खोज्नुपर्नेमा ७ मत, विद्यालयमा निःशुल्क कोचिङको व्यवस्था गर्नुपर्नेमा ३ मत, पठनपाठनको स्तर उच्च र प्रभावकारी बनाउनु पर्दछ भन्नेमा १ मत, भौतिक र शैक्षिक सुविधाको व्यवस्था यथेष्ट हुनुपर्दछ भन्नेमा २ मत, पाठ्यक्रम र पाठ्यपुस्तक छिटो छिटो परिवतर्न गरिनु नहुनेमा १ मत, विद्यार्थी संख्या थोरै हुनु पर्दछ १ मत पाइयो ।

विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने १ मत, यथार्थ मूल्याङ्कन हुनुपर्दछ १ मत, विद्यार्थी लगनशील हुनुपर्दछ १ मत, परीक्षा परिपाटीमा सुधार हुनुपर्दछ १ मत, माध्यमिक

कक्षामा सेक्सन खोल्नुपर्दछ १ मत, अभिभावक गम्भीर हुनुपर्दछ १ मत, अतिरिक्त कक्षा संचालन गर्नुपर्दछ १ मत, विद्यार्थीको स्थितिबारे अभिभावकलाई जानकारी दिनुपर्ने १ मत, छोटो तालिमको व्यवस्था गर्नुपर्नेमा २ मत, उचित दरवन्दीको व्यवस्था गर्नुपर्नेमा २ मत, शिक्षकमा जागरुकता हुनुपर्दछ भन्नेमा १ मत, शिक्षकको कार्यदक्षता अनुसार उचित दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्दछ भन्नेमा २ मत, विज्ञान प्रयोगशाला र शैक्षिक सामग्रीको व्यवस्था सरकारी तवरबाट हुनुपर्नेमा १ मत पाइयो ।

त्यसरी नै आधुनिक शिक्षण पद्धति अपनाउनुपर्नेमा १ मत, प्रवेश परीक्षाको व्यवस्था हुनुपर्दछ भन्नेमा १ मत, शैक्षिक सामग्री, कार्ययोजना र पाठयोजना अनुरुप शिक्षण गर्नुपर्दछ १ मत, नमुना प्रश्नको अभ्यास गराउनु पर्दछ १ मत, विद्यार्थीलाई पढाइप्रति लगनशील बनाउनु पर्दछ भन्नेमा १ मत, समय समयमा जाँच लिनुपर्नेमा १ मत, शिक्षक नियमित कक्षाकोठामा उपस्थिति हुनुपर्नेमा १ मत, कक्षा ६-१० सम्मका विद्यार्थीलाई भोटिङ राइट हुनुहुँदैन भन्नेमा १ मत, निजी स्रोतका शिक्षकलाई दरवन्दीमा सार्नुपर्दछ भन्नेमा १ मत, सबै शिक्षकलाई तालिम दिनुपर्छ भन्नेमा १ मत, छात्रावासको व्यवस्था हुनुपर्दछ भन्नेमा १ मत, शैक्षिक वातावरणको सृजना गर्नुपर्नेमा १ मत, प्रत्येक शिक्षकले नैतिक रुपमा आ-आफ्नो जिम्मेवारी लिनुपर्नेमा १ मत जस्ता विभिन्न उत्तरहरु प्रश्नावली विश्लेषणमा देखियो ।

समग्र जिल्लाको नतिजा न्यून हुनुका कारणहरु के-के हुन् भन्ने प्रश्न गर्दा विषयगत र न्यून शिक्षक दरवन्दी १० मत, तालिम अप्राप्त शिक्षकबाट गराइने अध्ययन/अध्यापन ८ मत, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिबीच सुमधुर सम्बन्ध कायम नहुनु २ मत, पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनबीच तालमेल नभएको १ मत, चोर्न पाइन्छ भनेर पढ्न छाड्ने बानीको विकास हुनु २ मत, तल्लो कक्षाबाट नै २/३ विषय अनुत्तीर्णलाई कक्षा चढाउने प्रवृत्ति २ मत, अनुगमनको अभाव १ मत, भौगोलिक तथा आर्थिक अवस्था अनुरुप पाठ्यक्रम नमिलेको १ मत, शिक्षक विद्यार्थी दुवैमा नक्कल गर्ने बानी बढ्नु १ मत, परीक्षा परिपाटीमा सुधार नभएको १ मत दिए ।

त्यसै गरि विद्यार्थी अभिभावक दुवैले पढाइको महत्व नबुझ्नु २ मत, शिक्षण पद्धतिमा समसामयिक सुधार नभएको २ मत, शिक्षकहरु पेशाप्रति इमान्दार, जिम्मेवार र कर्तव्यनिष्ठ नहुनु २ मत, प्रधानाध्यापक र शिक्षकद्वारा शिक्षण सुधारमा चाख नदिनु १

मत, शिक्षामा राजनैतिक हस्तक्षेप १ मत, आधुनिक भौतिक सुविधाको अभाव १ मत, प्रारम्भिक कक्षादेखि नै ध्यान नदिनु १ मत, कमजोर, योजनाविहिन तथा दिशाविहिन शैक्षिक प्रशासन १ मत, राजनैतिक हस्तक्षेप तथा अयोग्य शिक्षक नियुक्ति प्रक्रिया ५ मत, अभिभावकमा जागरुकताको अभाव १ मत, भौतिक पूर्वाधार तथा निरीक्षण/अनुगमनको कमी ५ मत, परीक्षा नीति फितलो भएको १ मत, अभिभावकमा जागरुकताको अभाव १ मत, शैक्षिक सामग्री र विज्ञान प्रयोगशाला सरकारी तवरबाट नभएर २ मत, विद्यार्थीका आधारमा शिक्षक दरवन्दी नहुनु २ मत, पाठ्यक्रम र प्रश्न ढाँचामा परिवर्तन हुनु १ मत दिए ।

अभिभावक शिक्षाप्रति अनुत्तरदायी हुनु १ मत, विद्यार्थीलाई बढी घरेलु कार्यमा लगाउनु १ मत, विद्यार्थीको कमजोर प्राथमिक जग १ मत, दण्ड र पुरस्कार उचित व्यवस्था नहुनु १ मत, नेता शिक्षकबाट विद्यार्थी भर्ना, पठनपाठन र परीक्षाको व्यवस्था नहुनु १ मत, प्रधानाध्यापक र शिक्षकको हेलचेक्र्याईं १ मत, विद्यालय, शिक्षक, अभिभावक र प्रशासनबीच सुसम्बन्धको अभाव १ मत जस्ता उत्तरहरु प्राप्त भएका छन्।

समग्र जिल्लाको नतिजा सुधार गर्न के गर्नु पर्दछ भन्ने प्रश्नमा उत्तरदाताहरुले अनुमति प्राप्त निम्न माध्यमिक विद्यालयलाई स्वीकृति दिनुपर्छ २ मत, तालिम अप्राप्त शिक्षकलाई तालिम दिनुपर्दछ ११ मत, विषयगत शिक्षकको अनिवार्य व्यवस्था हुनुपर्दछ १० मत, परीक्षा, स्वच्छ, मर्यादित र पारदर्शी ढंगले संचालन गर्नुपर्ने १ मत, प्रभावकारी अनुगमनको व्यवस्था नहुनु ७ मत, अभिभावक वर्गमा चोरी गर्न प्रवृतिमा कमी ल्याउनु २ मत, विद्यालयलाई राजनीतिकरणबाट अलग राख्नुपर्दछ ६ मत, सीमित विद्यार्थी संख्या हुनुपर्छ १ मत, यथार्थपरक मूल्याङ्कन १ मत, शिक्षक जि.शि.का. दुवै नैतिकवान हुनुपर्दछ १ मत, गणित/अंग्रेजी मा तालिमको व्यवस्था हुनुपर्दछ १ मत, तल्लो तहदेखि नै मूल्याङ्कनमा यथार्थता ल्याएर १ मत, चोरी गर्ने गराउने प्रवृतिलाई दुरुत्साहन हुनुपर्दछ २ मत, शैक्षिक सामग्रीको उपलब्धता र स्तरीयतामा जोड दिनुपर्छ २ मत, विद्यार्थीको नियमित योग्यता परीक्षण गर्नुपर्दछ १ मत, शिक्षकमा दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्दछ ३ मत, योजनावद्ध कार्यतालिकाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप गराउनुपर्दछ १ मत दिए ।

त्यसै गरि विज्ञान सामग्री/प्रयोगशाला र शैक्षिक सामग्रीको व्यवस्था सरकारी तवरबाट गरिनुपर्दछ २ मत, जिल्ला स्तरमा सर्वाधिक अंक ल्याउने विषयका शिक्षक र

विद्यालयलाई पुरस्कृत गर्ने गर्नुपर्दछ १ मत, भौतिक सुविधा कम भएका विद्यालयलाई या त खारेज गर्ने या स्वीकृति प्रदान गर्ने गर्नुपर्दछ १ मत, विद्यार्थी सङ्ख्या अनुसार विषयमत शिक्षकको व्यवस्था हुनुपर्दछ १ मत, शिक्षक अभिभावक सक्रियता बढाउनु पर्दछ १ मत, विद्यालय व्यवस्थापन समितिमा सुधार हुनुपर्ने २ मत, तहगत मूल्याङ्कन प्रक्रियामा सुधार गर्नुपर्ने १ मत, शिक्षक भर्ना प्रक्रियामा पारदर्शिता हुनुपर्दछ १ मत, विद्यार्थीहरुले पढाइप्रति चासो राख्नुपर्दछ र धेरै समय अध्ययनमा लगाउनु पर्दछ २ मत पाइयो ।

ग्रामीण क्षेत्रमा पढ्ने वातावरणको सिर्जना गर्नुपर्दछ १ मत, शिक्षकको पनि कर्मचारी (निजामती) को जस्तै सरुवा हुनुपर्दछ १ मत, विद्यार्थी र शिक्षकको दुवैको विद्यालयमा नियमितता हुनुपर्दछ २ मत, गृहकार्य र कक्षाकार्यमा जोड दिनुपर्दछ २ मत, प्रत्येक कक्षामा ३० जना भन्दा बढी विद्यार्थी हुनु हुँदैन १ मत, विद्यार्थी, शिक्षक, अभिभावकले आ-आफ्नो उत्तरदायित्व, जिम्मेवारी वहन गर्नुपर्दछ १ मत, एउटै सेक्सनमा अत्यधिक विद्यार्थी संख्या हुनुहुँदैन १ मत, अभिभावकले आफ्ना बालबालिकाप्रति चासो दिनुपर्दछ १ मत भन्ने जस्ता विभिन्न उत्तर प्राप्त भयो ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

अध्ययनकर्ताको अध्ययन प्राथमिक तथा द्वितीय दुवै तथ्याङ्कमा आधारित भएता पनि मुख्य विषयसँग सम्बन्धित प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले शैक्षिक प्रशासनसग प्रत्यक्ष सरोकार राख्ने विभिन्न निकाय, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा विषयगत शिक्षकसँग अध्ययनसँग सम्बन्धित विभिन्न विषयगत तथा वस्तुगत प्रश्नावलीहरु बनाई उत्तरदाताबाट प्राप्त सूचनाको व्याख्या विश्लेषण परिच्छेद चारमा विस्तृत रुपमा उल्लेख गरिएको छ । विद्यालय र समग्र जिल्लाको एस्.एल्.सी. नतिजा न्यून हुने कारणहरु र त्यसलाई सुधार्न चाल्नुपर्ने उपायसँग सम्बन्धित उत्तरदाताबाट प्राप्त मुख्य मुख्य प्राप्तिहरु सम्भावनायुक्त नमुना छनौट विधिबाट प्राप्त मत भए पनि तिनले यस जिल्लाको हकमा उच्चतम प्रतिनिधित्व गरेका छन् । जुन निम्न अनुसार छन् :

विद्यालयहरुमा न्यून दरवन्दी र विषयगत शिक्षकहरुको अभाव छ । जनतामा विद्यालयप्रतिको बढ्दो चाहनाले प्रशस्त विद्यालयहरु खुलेका र त्यस्ता विद्यालयमा सरकारले दरवन्दी दिन पनि नसकेको र जिल्लाले टालटुले नीति अपनाई अनुमति प्राप्त विद्यालयमा १, १ वटा दरवन्दी छर्ने कार्यले गर्दा विषयगत शिक्षकको अभाव भएको छ ।

अधिकांश शिक्षकहरु अझै पनि पूर्ण तालिम अप्राप्त भएकाले उनीहरुको अध्ययन/अध्यापन कार्य प्रभावकारी नभएको हुँदा नतिजा न्यून हुन गएको छ,उपयुक्त पठनपाठनका लागि विद्यालयमा आवश्यक पर्ने भौतिक स्रोत र साधनको अभावले गर्दा नतिजा न्यून हुन गएको छ ।

शिक्षामा राजनैतिक हस्तक्षेप (शिक्षक नियुक्ति, सरुवा, बढुवा लगायत अन्य कुरामा समेत अत्यधिक रुपमा) पर्न गएकोले स्तरीय पठनपाठन हुन सकेको छैन भने निजी स्रोतमा राखिएका शिक्षकका आधारमा अनुमति दिइएका विद्यालयमा लामो समयसम्म शिक्षक अभाव हुने अवस्था भएको छ । विद्यार्थीको पढाइको स्तर निम्न छ । विद्यार्थीहरुमा पढ्नु पर्दछ, मिहिनेत गर्नु पर्दछ भन्ने भावनाको कमी र सामाजिक, आर्थिक कारणले गर्दा पढाइको स्तर निम्न हुन गएको छ ।

अभिभावकहरुले विद्यार्थीको पठनपाठनप्रति खासै चासो नराखी आ-आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने मात्र गरी अन्य व्यवस्थाप्रति चासो नदिने गर्दा नतिजा न्यून हुन गएको छ । शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिबीच सुमधुर सम्बन्ध स्थापना हुन सकेको छैन । माथिल्लो तहको देखासिकीबाट परीक्षामा जसरी पनि पास हुनैपर्ने र गराउनैपर्ने धारणा व्याप्त हुँदा अभिभावक र शिक्षकद्वारा चोराउने गरिन्छ र विद्यार्थी चोर्न पाइने हुनाले पढ्नमा ध्यान दिँदैनन् ।

विद्यालयको निरीक्षण/अनुगमन प्रक्रिया प्रभावकारी हुन सकेको छैन । स्तरीय तथा प्रभावकारी पठनपाठनको लागि सम्बन्धित निकाय (जि.शिक्षाका.) बाट हुनुपर्ने निरीक्षण/अनुगमन कम हुनु र जे जति भएका छन् ती पनि स्तरीय र प्रभावकारी नभई सामान्य निरीक्षणमा मात्र सीमित छन् । विद्यालयमा शैक्षिक सामग्रीको कमी छ र भएका शिक्षण सामग्रीको पनि शिक्षण सिकाइमा प्रयोग अझ कम गर्ने गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकले तोकेका न्यूनतम प्रक्रिया र मूल्याङ्कन प्रणालीबीच तालमेल नभएकाले विद्यार्थीको उपलब्धि जति हुनु पर्ने हो त्यति हुन सकेको छैन । कतिपय विद्यालयमा निम्न माध्यमिक दरवन्दी र शिक्षकको अनुपातमा विद्यार्थी संख्या अधिक रहेको छ, जसले गर्दा प्रभावकारी सिकाइ हासिल हुन सकेकोछैन । विद्यार्थीहरु तल्लो कक्षादेखि नै केही विषयमा उत्तारित भै आउनाले ती विषयमा कमजोर भई अनुत्तीर्ण हुन्छन् । पर्याप्त शिक्षक नहुँदा विद्यार्थीको समय अनाहकमा खेर गएको छ, जसले सिकाइ कमजोर बनाएको छ ।

शिक्षक र जि.शि.का. मा नैतिकताको अभाव छ, उनीहरुमा जागिरे मानसिकता छ । भौगोलिक तथा आर्थिक अवस्था अनुरुप पाठ्यक्रम मिलेको छैन । परीक्षा प्रणालीमा सुधार आउन सकेको छैन । यो परम्परागत रुपमा नै संचालित भइरहेकाले नतिजा न्यून हुनमा सहायक भएको छ । सरकारी विद्यालयको शैक्षिक प्रशासन कमजोर भएकाले गर्दा समयमै पढाइ पूरा नहुने, घण्टी खाली रहँदा पनि शिक्षक नजाने जस्ता अवस्था आइपर्नाले पठनपाठन स्तर कम हुँदै गएको छ ।

राम्रो र नराम्रो गर्ने शिक्षक उपर दण्ड र पुरस्कार प्रणाली प्रभावकारी रुपमा लागू नहुँदा आफ्नो काममा दत्तचित्त भई लाग्ने शिक्षकलाई र कामचोर तथा ठग प्रवृत्तिका शिक्षक दुवैको कामलाई एउटै मापदण्ड भित्र राखिने व्यवस्थाले पनि नतिजा न्यून हुनमा सघाएको छ । योजनावद्ध कार्यतालिकाको आधारमा अध्यापन हुने गरेको छैन । पूर्ण सरकारी सुविधा उपभोग गर्ने भएकोले शिक्षकहरु आफ्नो जिम्मेवारी र उत्तरदायित्व पूरा

गर्दैनन् । पठनपाठनमा नवीन विधिको प्रयोग नभई पुरानै ढर्रामा पढाइ हुने गरेको छ । प्रवेश परीक्षा बिना नै विद्यार्थी भर्ना हुने हुनाले कमजोर विद्यार्थीको भर्नाबाट उपलब्धिमा सुधार हुन सकेको छैन ।

शिक्षक पेशालाई हालसम्म तदर्थ रुपमा नै सञ्चालन गरिएको हुँदा दक्ष शिक्षकहरुको नियुक्ति हुन सकेको छैन । जसले गर्दा पठनपाठन कमजोर हुन गएको छ । विद्यार्थीहरु नियमित रुपले कक्षामा उपस्थित हुने गरेका छैनन् । बालकको पढाइप्रति अभिभावकमा कम चासो रहेको छ । अधिकांश विद्यार्थीहरुको आर्थिक तथा सामाजिक परिवेशले गर्दा घरायसी वातावरण पठनपाठनप्रति सुहाउँदो छैन ।

विद्यार्थीलाई गृहकार्य र कक्षाकार्यको अभ्यास कम गराइन्छ जसले गर्दा उनीहरुको अध्ययन कार्य प्रभावकारी हुन सकेको छैन । अनुमति मात्र लिएका विद्यालयहरुमा शिक्षक र आर्थिक स्रोतको अभ्क कठिनाइ छ । प्रयोगशाला र पुस्तकालयको अवस्था राम्रो छैन जसले गर्दा पाठ्यक्रममा राखिएका विषयवस्तुको प्रयोग र अभ्यास गर्ने अवसरबाट विद्यार्थीहरु वञ्चित छन् । परीक्षाको संचालन र कपी परीक्षण उपयुक्त किसिमले हुन सकेको छैन । विद्यालयमा देखा परेको समस्याको समाधान समयमै हुने गरेको छैन । पढाइमा भन्दा राजनीतिमा बढी संलग्न हुने शिक्षकहरुको बाहुल्यता शैक्षिक क्षेत्रमा रहेको हुँदा पठनपाठनको स्तर ज्यादै कमजोर छ ।

## ५.२. निष्कर्ष

नेपालको विगत ३२ वर्षको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कहिले अञ्चल र कहिले जिल्लास्तरीय रुपमा चल्दै आएको) सञ्चालन, तिनमा देखिएका उतार चढाव र गर्नुपर्ने सुधार र त्यसबाट जिल्लाको सन्दर्भमा के कति असर या प्रभाव पर्दछ भनी गरिएको यो अध्ययन मूल रुपमा सुनसरी जिल्लाको सन्दर्भमा केन्द्रित छ । अध्ययनमा सुनसरी जिल्लाका २५५ सामुदायिक तथा संस्थागत विद्यालयमध्ये छनौटमा परेका १४ निम्न माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षकहरुको राय बुभ्न विषयगत तथा वस्तुगत प्रश्नयुक्त खुला प्रश्नावली प्रयोग गरिएको र त्यसको नतिजा विश्लेषण गर्दा नतिजाले कार्यात्मक तथा व्यवहारात्मक रुपमा तादात्म्यता राखेको अध्ययनको क्रममा पाइयो । यस जिल्लाको हकमा नतिजा न्यून हुँदै जानुमा विविध कारणहरु भए पनि मुख्य रुपमा विषयगत दरवन्दी नहुनु,

दरवन्दी भएपनि तालिम प्राप्त शिक्षकको संख्या कम हुनु, तालिममा सिकेका कुरा कक्षाकोठामा न्यून रुपमा प्रयोग गरिनु, पेशाप्रति इमान्दार तथा प्रतिवद्ध शिक्षकको अभाव, शैक्षिक संस्थामा व्याप्त राजनैतिक हावी र अभिभावक विद्यार्थी दुवैमा चोर्ने चोराउने प्रवृत्तिमा अत्याधिक विकास हुनु जस्ता कुराहरु नै यस जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुनुका कारक तत्वहरुका रुपमा रहेको अध्ययनको क्रममा पाइयो भने यस्ता दुर्वल पक्षहरुप्रति सचेत रही यसको प्रभाव कम पारी विद्यालय सञ्चालन हुँदा देखिने प्रभाव सकारात्मक प्रभावका रुपमा देखिएका छन् । यस प्रकार तथ्याङ्कको गणना र प्रश्नावली विश्लेषणका आधारमा पाइएका निष्कर्षहरु निम्न अनुसार छन् :

नतिजा न्यून हुनुका कारणमा ४६.१५ प्रतिशत अध्यक्षले विषयगत दरवन्दी न्यून हुनुका कारण उल्लेख गरे । नतिजा न्यूनको जिम्मेवारीमा भने ५० प्रतिशत प्रधानाध्यापकले शिक्षकलाई र ५० प्रतिशत शिक्षकले विद्यार्थीलाई बढी जिम्मेवारीको रुपमा उल्लेख गरे । विगत ३ वर्षको नतिजा विश्लेषण गर्दा सुनसरी जिल्लाको २०६४ को समग्र नतिजा ६८ प्रतिशत, २०६५ को ८० प्रतिशत र २०६६ को ४१ प्रतिशत रहेको अध्ययन विश्लेषणबाट प्राप्त भयो जुन घटबढ रुपमा रहने गरेको पाइयो ।

विषयगत उत्तीर्णदर विश्लेषण गर्दा विश्लेषणको क्रममा २०६४ मा सबै भन्दा बढी न्यून उत्तीर्णदर भएका विषयहरुमा गणित र विज्ञान, २०६५ मा गणित, अग्रेजी र विज्ञान र २०६६ मा गणित, विज्ञान, अंग्रेजी रहेको पाइयो । समग्र रुपमा हेर्दा गणित विषयमा नै सबैभन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुने गरेको पाइयो । नतिजा उकास्ने उपायहरुको सम्बन्धमा तीनै वर्गका अधिकांश उत्तरदाताहरुले विषयगत दरवन्दीको व्यवस्था, न्यूनतम भौतिक सामग्रीको व्यवस्था, योग्य र दक्ष शिक्षकको नियुक्ति, शिक्षामा राजनीतिक हस्तक्षेपको अन्त्य हुनुपर्ने कुरामा जोड दिएको पाइयो ।

## ५.३ सुझावहरु

अध्ययनकर्ताले मूल रुपमा प्रस्तुत अध्ययन सुनसरी जिल्लाको परिवेशमा रही गरेको र यसबाट प्राप्त निष्कर्षहरु पनि अधिकतम रुपमा यसै जिल्लाको भौगोलिक, राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक परिवेशभित्र रही सुधारका उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । सुनसरी जिल्लाको हकमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको

परिणामलाई सुधार्न निम्नलिखित उपायहरु कार्यान्वयन गर्न सकिएमा निश्चय नै स्थितिमा सुधार आउने र यस अध्ययनको उपलब्धि प्रष्टिनेछ भन्न सकिन्छ ।

### ५.३.१ कार्यान्वयन तह

जिल्लामा विगत लामो समयदेखि समस्याको रुपमा रहेको विषयगत दरवन्दी मिलान गरिनुपर्ने जसबाट नतिजा सुधार्न केही हदसम्म योगदान पुऱ्याउन सकिन्छ । अधिकांश विद्यालयहरुमा भौतिक सामग्री तथा प्रयोगशालाको अभाव भएको हुँदा तिनीहरुको विकासमा प्राथमिकता दिइनुपर्ने देखिन्छ । यसबाट पाठ्यक्रममा राखिएका समग्र विषयको अध्ययन अध्यापनमा प्रभावकारिता आई नतिजा सुधार्न सहयोग पुग्दछ ।

शिक्षक उपर विद्यमान दण्डहिनता तथा अराजक स्थितिको अन्त्य गरिनु पर्दछ । यसका लागि आवश्यक व्यवस्था र तीनको कार्यान्वयन बिना कुनै मोलाहिजा संचालन गरिनु पर्दछ । दण्ड र पुरस्कारको उचित व्यवस्था गरी राम्रो काम गर्ने शिक्षकलाई सबै क्षेत्रबाट पुरस्कृत गर्ने र नराम्रो गर्नेलाई कडा दण्डको व्यवस्था संचालन गरिनु पर्दछ । तल्लो तहदेखि नै स्तरीय पठनपाठनको व्यवस्था गरी एचयकयतभम व्यवस्थाको अन्त्य गरी योग्यलाई मात्र कक्षा चढाउने, अयोग्यलाई दोहोऱ्याउन लगाउने गरिनु पर्दछ । चोर्ने/चोराउने दुवै प्रवृत्तिलाई हतोत्साहित गरिनु पर्ने, अन्यथा यसले पढ्ने बानीको ह्रास हुँदै जाने सम्भावना बढ्दछ ।

पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन बीच समन्वयात्मक तरीकाले शिक्षण सिकाइ क्रियाकलाप गरिनु पर्ने र सो कुरा भए नभएको हेर्न बीच बीचमा विद्यालयले आफ्नै तर्फबाट पनि व्यवस्था गरिनु पर्दछ । जिल्लामा उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने र यो परम्परालाई निरन्तरता दिंदै जानु पर्दछ । तालिममा सिकेका सीप प्रयोग गरे नगरेको निरन्तर अनुगमन हुनु पर्दछ । पाठ्यक्रमीय समग्री समयमै विद्यालयमा उपलब्ध गराउने व्यवस्था हुनु पर्दछ । विद्यालयलाई राजनीतिबाट पूर्णत अलग गरिनुपर्ने, शिक्षक नियुक्ति प्रक्रिया निष्पक्ष निकायबाट गरिने व्यवस्था भएमा मात्र योग्य र दक्ष व्यक्ति शिक्षण पेशामा आउँछन् र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

## ५.३.२ नीति निर्माण तह

दक्ष तथा तालिम प्राप्त शिक्षक शिक्षण पेशामा आउने वातावरण सिर्जना गरी अयोग्यलाई क्रमशः विस्थापित गर्दै जाने नीति लिइनु पर्दछ । शिक्षा नियमावलीले तोके अनुसारका न्यूनतम दरवन्दी सवै विद्यालयमा प्रदान गरिनु पर्दछ ।

तालिम प्राप्त व्यक्तिलाई मात्र शिक्षकमा नियुक्ति र नियुक्तिपछि सामयिक तालिमको व्यवस्था गरिनु पर्दछ । शिक्षक लगायतका दीर्घकालीन पूर्वाधारका आधारमा मात्र विद्यालय सञ्चालन अनुमति दिनु पर्दछ ।

## ५.३.३ अनुसन्धानात्मक तह

यो अध्ययन सुनसरी जिल्लाको निम्न माध्यमिक विद्यालय स्तरीय परीक्षासँग सम्बन्धित भएकोले यस अध्ययनका परिणामलाई अन्य ठाउँमा वा राष्ट्रिय रुपमा हु-बहु सामान्यीकरण गर्न सकिंदैन । यस अध्ययनको सीमा, प्राप्ति र निष्कर्ष भित्र रही यस भन्दा अगाडि यसै विषयसँग गरिने अध्ययनका लागि निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ :

यो अध्ययन सुनसरी जिल्लाको विगत तीन वर्षको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको तुलनात्मक अध्ययन विश्लेषणमा सीमित रहेकोले यसभन्दा लामो अवधिसम्मको अध्ययन गर्न उपयुक्त हुन्छ । यो अध्ययन मुख्यतः निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजासँग सम्बन्धित भए तापनि निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको आधारको रुपमा रहेका प्राथमिक तथा माध्यमिक तहमा पनि यस्तै किसिमको अध्ययन गर्न सकिन्छ र त्यसले यसलाई अझ बढी मजबुत तथा पृष्ठपोषण प्रदान गर्दछ।

यो अध्ययन मूलतः कक्षा ८ उत्तीर्ण परीक्षासँग सम्बन्धित तीन पक्षहरु व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षकबाट प्राप्त उत्तरमा आधारित रहेकोले यस विषयसँग सम्बन्धित अन्य पक्ष जस्तै विद्यार्थी, अभिभावक, शिक्षा प्रशासन, सामाजिक कार्यकर्ता, राजनीतिज्ञ आदि सहभागी गराइएमा अध्ययन बढी नतिजा उन्मुख हुन सक्छ । यो अध्ययन निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका मुख्य दुई विषय अंग्रेजी र गणितका तथ्याङ्कमा आधारित भई विश्लेषण गरिएको हुँदा यस तहका सबै विषयको अध्ययन गरी तीनको समग्र प्रभाव विश्लेषण गर्न उपयुक्त हुन सक्छ ।

यो अध्ययन सम्भावनायुक्त नमुना छनौट विधिमा आधारित छ तर गणना विधिबाट सम्पूर्ण निम्न माध्यमिक विद्यालयहरुलाई सहभागी गराई अध्ययन गर्न सकिन्छ जसबाट अझ बढी यस विषयको प्रतिनिधित्व तथा विश्लेषण हुन सक्छ तथा यो अध्ययन विशेष गरी गुणात्मक प्रकृतिको भएको हुँदा उही विषयसँग सम्बन्धित तर वैज्ञानिक तथा परिमाणात्मक विश्लेषणमा आधारित भएर विभिन्न विषयगत सिकाइ उपलब्धि र विद्यार्थीको व्यवहारबीच परीक्षण/अध्ययन गर्न उपयुक्त हुन सक्छ ।

अन्त्यमा, परीक्षा परिणाममा प्रभाव पार्ने नकारात्मक तत्त्व उत्पन्न हुनका कारणहरु मात्रको खोजी गरी निराकरणका उपाय पत्ता लगाउन सकिन्छ ।

# सन्दर्भ सामग्री


कोइराला, विद्यानाथ तथा श्रेष्ठ, चन्द्रबहादुर (०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* : काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति* : काठमाडौं, स्टुडेण्ट बुक्स एण्ड स्टेशनर्स ।

ज.ब.रा., स्वयम्प्रकाश (२०५५), *शिक्षामा मापन तथा मूल्याङ्कन* : भोटाहिटी,काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

नेपाल अधिराज्यको संविधान २०४७ : नेपाल सरकार कानुन तथा न्याय मन्त्रालय ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा* : काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

पौडेल, माधवप्रसाद (२०५२), *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपभोग गरिएका कक्षा ८ को नेपाली भाषाका प्रश्नहरुको विश्लेषण (शोधपत्र)* : काठमाडौं, नेपाली शिक्षा विभाग, किर्तीपुर ।

(सेरिड (२०६१), *फर्मेटिक अनुसन्धान परियोजना, अनुसन्धान प्रतिवेदनहरुको सार सङ्क्षेप* : काठमाडौं, त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, फर्मेटिम अनुसन्धान परियोजना ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालको शैक्षिक इतिहास* : काठमाडौं, मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, गोपिनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु (२०११, २०१८, २०२८, २०३९, २०४९, २०५५ र २०५८ )* : काठमाडौं, पुतलीसडक ।

शर्मा, चिरञ्जीवी (२०६०), *कक्षाकोठामा मनोविज्ञान* : काठमाडौं, एम.के पब्लिसर्श एण्ड डिस्ट्रीब्युटर्स, भोटाहिटी ।

शिक्षा ऐन २०२८ तथा शिक्षा नियामवली २०५९, (संशोधन सहति) काठमाडौं, कानुन किताव व्यवस्था समिति ।

शैक्षिक तथ्याङ्क सारांश (०६४,०६५,०६६), सुनसरी, जि.शि.का., लेखक

शैक्षिक तथ्याङ्क सारांश (०६०,०६१), भक्तपुर, शिक्षा विभाग, सानोठिमी ।

शैक्षिक झलक (२०६४, २०६५, २०६६), धनकुटा, क्षे.शि.नि.पूर्वाञ्चल ।

# अनुसूची – १

## सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा (कक्षा ८) को परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु : एक अध्ययन

### २०६७ सालसम्म निम्न माध्यमिक तह (१ - ८) सञ्चालित सामुदायिक विद्यालयहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा |
|---|---|---|
| १ | हिमाली माध्यमिक विद्यालय | १–१० |
| २ | सरस्वती उच्च माध्यमिक विद्यालय | १–१२ |
| ३ | पञ्चायत दन्तकाली माध्यमिक विद्यालय | १–१० |
| ४ | निम्न माध्यमिक विद्यालय, घोपा | १–८ |
| ५ | भगवती निम्न माध्यमिक विद्यालय | १–८ |
| ६ | भानुस्मृति माध्यमिक विद्यालय | १–१० |
| ७ | पञ्चायत निम्न माध्यमिक विद्यालय | १–८ |
| ८ | शिक्षा सदन उच्च माध्यमिक विद्यालय | १–१२ |
| ९ | पब्लिक उच्च माध्यमिक विद्यालय | १–१२ |
| १० | पञ्चकन्या माध्यमिक विद्यालय | १–१० |
| ११ | बद्रीनाथ निम्न माध्यमिक विद्यालय | १–८ |
| १२ | किरातेश्वर माध्यमिक विद्यालय | १–१० |
| १३ | ज्ञानोदय उच्च माध्यमिक विद्यालय | १–१२ |
| १४ | पञ्चायत उच्च माध्यमिक विद्यालय | १–१२ |
| १५ | चन्द्र संस्कृत उच्च माध्यमिक विद्यालय | १–१२ |
| १६ | ल्याबोरेटरी उच्च माध्यमिक विद्यालय | १–१२ |
| १७ | पब्लिक माध्यमिक विद्यालय | १–१० |
| १८ | शहीद स्मृति माध्यमिक विद्यालय | १–१० |
| १९ | शारदा बालिका नमुना उच्च माध्यमिक विद्यालय | १–१२ |

| | | |
|---|---|---|
| २० | भानु निम्न माध्यमिक विद्यालय | १-८ |
| २१ | महेन्द्र माध्यमिक विद्यालय तित्रीगाछी | १-१० |
| २२ | महेन्द्र उच्च माध्यमिक विद्यालय | १-१२ |
| २३ | वसन्त ऋतु माध्यमिक विद्यालय | १-१० |
| २४ | निम्न माध्यमिक विद्यालय अकाहा | १-८ |
| २५ | जनता निम्न माध्यमिक विद्यालय | १-८ |
| २६ | पृथ्वीनारायण निम्न माध्यमिक विद्यालय | १-८ |
| २७ | शारदा उच्च माध्यमिक विद्यालय | १-१२ |
| २८ | जनता उच्च माध्यमिक विद्यालय | १-१२ |
| २९ | धनजित निम्न माध्यमिक विद्यालय | १-८ |
| ३० | मोहन माध्यमिक विद्यालय | १-१० |
| ३१ | सरस्वती माध्यमिक विद्यालय | १-१० |
| ३२ | प्रकाश उच्च माध्यमिक विद्यालय | १-१२ |
| ३३ | भगवती निम्न माध्यमिक विद्यालय | १-८ |
| ३४ | पञ्चायत माध्यमिक विद्यालय ६४ विघा | १-१० |
| ३५ | पञ्चायत माध्यमिक विद्यालय कुमारखत | १-१० |
| ३६ | आदर्श उच्च माध्यमिक विद्यालय | १-१२ |
| ३७ | पञ्चायत निम्न माध्यमिक विद्यालय | १-८ |
| ३८ | भासी उच्च माध्यमिक विद्यालय | १-१२ |
| ३९ | सरस्वती निम्न माध्यमिक विद्यालय | १-८ |
| ४० | पञ्चायत माध्यमिक विद्यालय | १-१० |
| ४१ | शिवनगर माध्यमिक विद्यालय | १-१० |
| ४२ | जनता उच्च माध्यमिक विद्यालय | १-१२ |
| ४३ | पञ्चायत निम्न माध्यमिक विद्यालय, मधेशा | १-८ |
| ४४ | शहिद स्मृति निम्न माध्यमिक विद्यालय | १-८ |
| ४५ | पकली उच्च माध्यमिक विद्यालय | १-११ |

| | | |
|---|---|---|
| ४६ | रामधुनी उच्च  माध्यमिक विद्यालय | १-१२ |
| ४७ | जनता उच्च माध्यमिक विद्यालय | १-१२ |
| ४८ | ज्ञानोदय निम्न माध्यमिक विद्यालय | १-८ |
| ४९ | शारदा उच्च माध्यमिक विद्यालय | १-१२ |
| ५० | गढदेव निम्न माध्यमिक विद्यालय | १-८ |
| ५१ | सरस्वती उच्च माध्यमिक विद्यालय | १-१२ |
| ५२ | निम्न माध्यमिक विद्यालय औरामनी | १-८ |
| ५३ | नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय | १-८ |
| ५४ | जनता मायामती निम्न माध्यमिक विद्यालय | १-८ |
| ५५ | सरस्वती उच्च माध्यमिक विद्यालय | १-१२ |
| ५६ | पञ्चायत निम्न माध्यमिक विद्यालय | १-८ |
| ५७ | नविन शिक्षा निकेतन निम्न माध्यमिक विद्यालय | १-८ |
| ५८ | मजदुर किसान माध्यमिक विद्यालय | १-१० |
| ५९ | जनता उच्च माध्यमिक विद्यालय | १-१२ |
| ६० | बिष्णु उच्च माध्यमिक विद्यालय | १-१२ |
| ६१ | सरस्वती निम्न माध्यमिक विद्यालय | १-८ |
| ६२ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | १-१२ |
| ६३ | माध्यमिक विद्यालय हटिया टोल | १-१० |
| ६४ | राम सिता उच्च माध्यमिक विद्यालय | १-१२ |
| ६५ | नवज्योति निम्न माध्यमिक विद्यालय | १-८ |
| ६६ | नवदुर्गा माध्यमिक विद्यालय | १-१० |
| ६७ | अमरसिंह उच्च माध्यमिक विद्यालय | १-१२ |
| ६८ | माध्यमिक विद्यालय | १-१० |
| ६९ | जनता माध्यमिक विद्यालय | १-१० |
| ७० | शिक्षा निकेतन उच्च माध्यमिक विद्यालय | १-१२ |
| ७१ | पुर्गेन चक्छु विद्यालय | १-९ |

| | | |
|---|---|---|
| ७२ | अहोलिया माध्यमिक विद्यालय | १-१० |
| ७३ | आदर्श उच्च माध्यमिक विद्यालय | १-१२ |
| ७४ | ज्वालामुखी माध्यमिक विद्यालय | १-१० |
| ७५ | बालगङ्गा उच्च माध्यमिक विद्यालय | १-१२ |
| ७६ | जनता निम्न माध्यमिक विद्यालय | १-८ |
| ७७ | सरस्वती माध्यमिक विद्यालय | १-१० |
| ७८ | मिलीजुली निम्न माध्यमिक विद्यालय | १-८ |
| ७९ | महेन्द्र माध्यमिक विद्यालय | १-१० |
| ८० | जगन्नाथ देवराज जनता माध्यमिक विद्यालय | १-१२ |
| ८१ | जनक माध्यमिक विद्यालय | १-१० |
| ८२ | कोशी माध्यमिक विद्यालय | १-९ |
| ८३ | सुनसरी निम्न माध्यमिक विद्यालय | १-८ |
| ८४ | सरस्वती माध्यमिक विद्यालय | १-१० |
| ८५ | नेपाल राष्ट्रहरि माध्यमिक विद्यालय | १-१० |
| ८६ | बि.पी निम्न माध्यमिक विद्यालय | १-८ |
| ८७ | गणेश निम्न माध्यमिक विद्यालय | १-८ |
| ८८ | त्रिभूवन माध्यमिक विद्यालय | १-१० |
| ८९ | शनिश्चरे माध्यमिक विद्यालय | १-१० |
| ९० | ज्ञानोदय निम्न माध्यमिक विद्यालय | १-८ |
| ९१ | अम्मर शान्ति श्री निम्न माध्यमिक विद्यालय | १-८ |
| ९२ | बाल मन्दीर निम्न माध्यमिक विद्यालय | १-८ |
| ९३ | राजाजी रामजी माध्यमिक विद्यालय | १-१० |
| ९४ | शारदा उच्च माध्यमिक विद्यालय | १-१२ |
| ९५ | भगवती माध्यमिक विद्यालय | १-१० |
| ९६ | सरस्वती जग्दी निम्न माध्यमिक विद्यालय | १-८ |
| ९७ | पार्वती निम्न माध्यमिक विद्यालय | १-८ |

| | | |
|---|---|---|
| ९८ | शम्भू नाथ माध्यमिक विद्यालय | १-१० |
| ९९ | जनजागृती निम्न माध्यमिक विद्यालय | १-८ |
| १०० | जग्दी माध्यमिक विद्यालय | १-१० |
| १०१ | पञ्चायत रजतजयन्ती निम्न माध्यमिक विद्यालय | १-८ |
| १०२ | जनसहयोग उच्च माध्यमिक विद्यालय | १-१२ |
| १०३ | राष्ट्रिय उच्च माध्यमिक विद्यालय | १-१२ |
| १०४ | कविर माध्यमिक विद्यालय | १-१० |
| १०५ | सरस्वती सदन माध्यमिक विद्यालय | १-१० |
| १०६ | शान्ति सृजना निम्न माध्यमिक विद्यालय | १-८ |
| १०७ | लक्ष्मी निम्न माध्यमिक विद्यालय | १-८ |
| १०८ | कचना महादेव माध्यमिक विद्यालय | १-१० |
| १०९ | जनता उच्च माध्यमिक विद्यालय | १-१२ |
| ११० | सरस्वती माध्यमिक विद्यालय | १-१० |
| १११ | महेन्द्र माध्यमिक विद्यालय | १-१२ |
| ११२ | ज्योती माध्यमिक विद्यालय | १-१० |
| ११३ | फैदार निम्न माध्यमिक विद्यालय | १-८ |
| ११४ | उच्च माध्यमिक विद्यालय छिटाहा | १-१२ |
| ११५ | हिमालय आदर्श माध्यमिक विद्यालय | १-१० |
| ११६ | शारदा निम्न माध्यमिक विद्यालय | १-८ |
| ११७ | शाल्पा माध्यमिक विद्यालय | १-१० |
| ११८ | फोचोदाश निम्न माध्यमिक विद्यालय | १-८ |
| ११९ | सरस्वती निम्न माध्यमिक विद्यालय | १-८ |
| १२० | जनता माध्यमिक विद्यालय रासी | १-१० |
| १२१ | गोपाल उच्च माध्यमिक विद्यालय | १-१२ |
| १२२ | जनकल्याण माध्यमिक विद्यालय | १-९ |
| १२३ | नेपाल राष्ट्रिय शिव माध्यमिक विद्यालय | १-१० |

| | | |
|---|---|---|
| १२४ | कृष्ण उच्च माध्यमिक विद्यालय | १-१२ |
| १२५ | निम्न माध्यमिक विद्यालय पञ्चोसीमार | १-८ |
| १२६ | जनता निम्न माध्यमिक विद्यालय कप्तान्गञ्ज | १-८ |
| १२७ | बालकृष्ण उच्च माध्यमिक विद्यालय | १-१२ |
| १२८ | कोशी जनता माध्यमिक विद्यालय | १-१० |
| १२९ | राष्ट्रिय माध्यमिक विद्यालय भन्सार | १-१० |
| १३० | जनता माध्यमिक विद्यालय लौकही | १-१० |
| १३१ | राष्ट्रिय माध्यमिक विद्यालय सोनासुर | १-१० |
| १३२ | कोशी माध्यमिक विद्यालय कुसाह | १-१० |
| १३३ | राष्ट्रिय माध्यमिक विद्यालय श्रीपुर | १-१० |
| १३४ | हरिनगर उच्च माध्यमिक विद्यालय | १-१२ |

# अनुसूची ३

# सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा (कक्षा ८) को परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु : एक अध्ययन

## नमूना छनौटमा परेका विद्यालयहरू

१. शारदा उच्च माध्यमिक विद्यालय, बलाहा

२. सरस्वती माध्यमिक विद्यालय, दुहवी

३. पञ्चायत निम्न माध्यमिक विद्यालय, दुहवी

४. सरस्वती निम्न माध्यमिक विद्यालय, राजावास

५. प्रकाश माध्यमिक विद्यालय, प्रकाशपुर

६. जनता माध्यमिक विद्यालय, मधेशा

७. पब्लीक उच्च माध्यमिक विद्यालय, धरान

८. जनता उच्च माध्यमिक विद्यालय, इटहरी

९. अमरसिंह माध्यमिक विद्यालय, साहेवगञ्ज

१०. कोशी जनता माध्यमिक विद्यालय, हरिपुर

११. गोपाल माध्यमिक विद्यालय, तनमुना

१२. इनरुवा इङ्लिस स्कूल, इनरुवा

१३. लोट्स इङ्लिस स्कूल, इटहरी

१४. मिथिला पब्लीक स्कूल लौकाही

# अनुसूची ४

## सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा (कक्षा ८) को परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु : एक अध्ययन

### शिक्षकका लागि प्रश्नावली

१. तपाईं कति समयदेखि शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ ?

२. तपाईंले अध्यापन गर्ने कक्षा र विषयहरू के के हुन् ?

३. तपाईंलाई अध्यापन गर्दा आइपर्ने कठिनाइहरू के के छन् ?

४. तपाईंको विद्यालयको नतिजा न्यून भए के कारणले भएको होला ?

५. मख्य विषय जस्तै अङ्ग्रेजी र गणितमा विद्यार्थीको उपलब्धि कम हुनमा को बढी जिम्मेवार भए जस्तो लाग्छ ?

६. तपाईंको विचारमा तपाईंको विद्यालयको नतिजा उच्च बनाउन सम्बन्धित पक्षले के कार्य गर्नु पर्ला ?

७. तपाईंको विद्यालयको प्रयोगशालाको अवस्था कस्तो छ र शिक्षण सिकाई क्रियाकलापमा कसरी उपयोगमा ल्याउने गर्नु भएको छ ?

# अनुसूची ५

# सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा (कक्षा ८) को परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु : एक अध्ययन

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

१. विद्यालय व्यवस्थापन समितिको हैसियतमा तपाईंको कार्य अनुभव समय कति हो ?

२. तपाईंको औपचारिक शैक्षिक योग्यता कुन तहको छ ?

३. विद्यार्थी र कक्षागत अनुपातमा तपाईंको विद्यायमा शिक्षक दरवन्दी पूर्ण छ कि छैन ?

४. शिक्षक दरवन्दी पूर्ण नभएको भए कस्तो वैकल्पिक व्यवस्था अपनाउनु भएको छ ?

५. विद्यालयको दैनिक शिक्षण क्रियाकलाप सञ्चालन गर्न कसरी सहयोग पुऱ्याउने गर्नुभएको छ ?

६. तपाईंको विद्यालयका विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेकोमा कसलाई बढी जिम्मेवार ठान्नुहुन्छ ?

७. तपाईंको विद्यालयको न्यून नतिजा सुधार गर्न के गर्नु पर्ला ?

८. तपाईंको विद्यालयको प्रयोगशालाको अवस्था कस्तो छ र शिक्षण सिकाई क्रियाकलापमा कसरी उपयोगमा ल्याउने गर्नु भएको छ ?

# अनुसूची ६

# सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा (कक्षा ८) को परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु : एक अध्ययन

## प्रधानाध्यापकका लागि तयार गरिएको प्रश्नावली

१. तपाईं कति समयदेखि यस विद्यालयको प्रधानाध्यापकको रूपमा कार्यरत हुनुहुन्छ ?

२. दैनिक शिक्षण क्रियाकलाप सञ्चालन गर्दा मूख्य रूपमा तपाई.ले गर्ने कार्यहरू के के हुन् ?

३. विद्यार्थी उपलब्धि मूल्याङ्कनको विश्लेषण कसरी गर्ने गर्नुभएको छ ?

४. तपाईंको विद्यालयको शैक्षिक उपलब्धि कस्तो छ ?

५. विषयगत शिक्षक दरवन्दीको व्यवस्था छ/छैन ? छैन भने कसरी शिक्षण क्रियाकलाप सञ्चालन गराउने गर्नु भएको छ ?

६. न्यून शैक्षिक उपलब्धि प्राप्त गर्ने विषयलाई शैक्षिक उपलब्धि उँचो बनाउन के गर्ने गर्नुभएको छ ?

७. तपाईंको विद्यालयको नतिजा न्यून भए सुधार गर्न के गर्नु पर्ला ?

८. तपाईंको विद्यालयको प्रयोगशालाको अवस्था कस्तो छ र शिक्षण सिकाइ क्रियाकलापमा कसरी उपयोगमा ल्याउने गर्नु भएको छ ?

९. गत शैक्षिक सत्रमा तपाईंको विद्यालयमा कति दिन पठनपाठन सञ्चालन भयो ?